"शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधार

प्रकृति र मगर संस्कृति निस्दीको आधार"

# आवधिक योजना तर्जुमा

## आ.व. २०८२/०८३ -२०८६/०८७

## (अन्तिम प्रतिवेदन)

# आवधिक योजना

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा, लुम्बिनी प्रदेश
२०८२

आभार

निस्दी गाउँपालिकाको आवधिक योजना तर्जुमाको कार्य प्रदान गर्नु भएकोमा सर्वप्रथम निस्दी गाउँपालिकाको कार्यालयलाई हार्दिक आभार व्यक्त गर्दछौ । योजना तर्जुमाका क्रममा पुर्याउनु भएको सहयोगका लागि निस्दी गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारू ज्यू, उपाध्यक्ष श्री तीरन कुमरी श्रेष्ठ ज्यू तथा प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। अध्ययनका क्रममा महत्वपूर्ण तथ्याङ्क, सूचना एवं जानकारी उपलब्ध गराई सहयोग गर्नु हुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरू प्रति हार्दिक धन्यवाद व्यक्त चाहन्छौ । अध्ययनका क्रममा सहयोग गर्नुहुने सम्पूर्ण शाखा प्रमुख तथा कर्मचारीलाई धन्यवाद दिन चाहन्छौ ।

अध्ययन टोली

# विषय सुची


परिच्छेद १: परिचय ................................................ १–१

१.१. पृष्ठभूमि ................................................ १-१

१.२. आवधिक योजनाको उद्देश्य ................................................ १-१

१.३. अध्ययनको कार्य क्षेत्र ................................................ १-२

१.४. योजना तर्जुमाका विधि तथा चरणहरू ................................................ १-३

१.५. आवधिक योजना तर्जुमाका आधारहरू ................................................ १-४

१.५.१. नेपालको संबिधान, २०७२ ................................................ १-४

१.५.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ................................................ १-४

१.५.३. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना) २०७८ ................................................ १-५

१.५.४. अन्तर-सरकारी वित्त व्यस्थापन ऐन २०७४ ................................................ १-५

परिच्छेद २: गाउँपालिकाको विद्यमान वस्तुस्थिति ................................................ २–१

२.१. पृष्ठभूमि ................................................ २-१

२.२. जनसङख्याको विवरण ................................................ २-१

२.३. आर्थिक अवस्था ................................................ २-१

२.३.१. कृषि तथा पशुपालन ................................................ २-१

२.३.२. उद्योग ................................................ २-१

२.३.३. पर्यटन ................................................ २-२

२.३.४. व्यापार, व्यवसाय तथा आपूर्ति ................................................ २-२

२.३.५. श्रम तथा रोजगारी ................................................ २-२

२.४. सामाजिक अवस्था ................................................ २-३

२.४.१. स्वास्थ्य ................................................ २-३

२.४.२. शिक्षा ................................................ २-३

२.४.३. खानेपानी तथा सरसफाई ................................................ २-३

२.४.४. महिला बालबालिका तथा सामाजिक समावेशीकरण ................................................ २-४

२.५. भौतिक पूर्वाधारको अवस्था ................................................ २-४

२.५.१. सडक तथा यातायात ................................................ २-४

२.५.२. विद्युत ................................................ २-५

२.५.३. सूचना तथा प्रविधि ..... २-५
२.६. प्राकृतिक स्रोत ..... २-५
२.६.१. वन तथा जैविक विविधता ..... २-५
२.६.२. जलस्रोत ..... २-६
२.६.३. खानी क्षेत्र ..... २-६
२.६.४. प्रकोप जोखिम क्षेत्र ..... २-६
२.७. वित्तीय व्यवस्थापन ..... २-६
२.७.१. सार्वजनिक स्रोतको आधार ..... २-६
परिच्छेद ३: दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ..... ३-१
३.१. पृष्ठभूमि ..... ३-१
३.२. गाउँपालिकाको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती ..... ३-२
३.३. विषयगत सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती ..... ३-३
३.३.१. भौतिक पूर्वाधार विकास क्षेत्र ..... ३-३
३.३.२. सामाजिक विकास क्षेत्र ..... ३-३
३.३.३. आर्थिक विकास क्षेत्र ..... ३-४
३.३.४. वन तथा वातावरण व्यवस्थापन क्षेत्र ..... ३-५
३.३.५. सुशासन तथा संस्थागत विकास क्षेत्र ..... ३-५
३.४. निर्देशक सिद्धान्तहरू ..... ३-६
३.५. प्रथम आवधिक योजनाको लक्ष्य र उद्देश्यको मूल्यांकन ..... ३-६
३.५.१. प्रथम आवधिक योजनाका समष्टिगत उद्धेश्यहरू ..... ३-७
३.५.२. आर्थिक विकासका उपलब्धिहरू ..... ३-७
३.५.३. सामाजिक विकासका उपलब्धिहरू ..... ३-७
३.५.४. पूर्वाधार विकासका उपलब्धिहरू ..... ३-८
३.५.५. वन, वातावरण तथा विपद व्यवस्थापनका उपलब्धिहरू ..... ३-८
३.५.६. स्थानीय शासन पद्धतिको सुधारका मुख्य उपलब्धिहरू ..... ३-८
३.६. निस्दी गाउँपालिकाको दीर्घकालीन सोच ..... ३-९
३.७. आवधिक योजनाको समष्टिगत लक्ष्य ..... ३-१०
३.८. आवधिक योजनाको उद्देश्य ..... ३-१०

३.९. आवधिक योजनाको रणनीति ...... ३-१०
३.१०. प्रमुख प्राथमिकता ...... ३-११
३.११. गाउँपालिकाका गौरबका आयोजनाहरू ...... ३-११
३.१२. परिमाणात्मक लक्ष्य ...... ३-१२
परिच्छेद ४: आर्थिक विकास क्षेत्र ...... ४–१
४.१. कृषि तथा पशुपालन ...... ४-१
४.१.१. पृष्ठभूमि ...... ४-१
४.१.२. समस्या तथा चुनौती ...... ४-१
४.१.३. संभावना तथा अवसर ...... ४-२
४.१.४. कृषि विकास योजना ...... ४-२
४.२. पर्यटन ...... ४-२४
४.२.१. पृष्ठभूमि ...... ४-२४
४.२.२. समस्या तथा चुनौती ...... ४-२४
४.२.३. संभावना तथा अवसर ...... ४-२४
४.२.४. पर्यटन विकास योजना ...... ४-२५
४.३. उद्योग, व्यापार तथा व्यवसाय ...... ४-३७
४.३.१. पृष्ठभूमि ...... ४-३७
४.३.२. समस्या तथा चुनौती ...... ४-३७
४.३.३. संभावना तथा अवसर ...... ४-३७
४.३.४. उद्योग, व्यापार तथा व्यवसाय योजना ...... ४-३८
४.४. श्रम तथा रोजगारी ...... ४-४७
४.४.१. पृष्ठभूमि ...... ४-४७
४.४.२. समस्या तथा चुनौती ...... ४-४७
४.४.३. संभावना तथा अवसर ...... ४-४७
४.४.४. श्रम तथा रोजगारी योजना ...... ४-४७
परिच्छेद ५: सामाजिक क्षेत्र ...... ५–१
५.१. स्वास्थ्य तथा पोषण ...... ५-१
५.१.१. पृष्ठभूमि ...... ५-१

५.१.२. समस्या तथा चुनौती ..... ५-१
५.१.३. संभावना तथा अवसर ..... ५-१
५.१.४. स्वास्थ्य तथा पोषण योजना ..... ५-२
५.२. शिक्षा ..... ५-१७
५.२.१. पृष्ठभूमि ..... ५-१७
५.२.२. समस्या तथा चुनौती ..... ५-१७
५.२.३. संभावना तथा अवसर ..... ५-१७
५.२.४. शिक्षा विकास योजना ..... ५-१८
५.३. खानेपानी तथा सरसफाई ..... ५-२८
५.३.१. पृष्ठभूमि ..... ५-२८
५.३.२. समस्या तथा चुनौती ..... ५-२८
५.३.३. संभावना तथा अवसर ..... ५-२८
५.३.४. खानेपानी तथा सरसफाई योजना ..... ५-२८
५.४. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ..... ५-३८
५.४.१. पृष्ठभूमि ..... ५-३८
५.४.२. समस्या तथा चुनौती ..... ५-३८
५.४.३. संभावना तथा अवसर ..... ५-३८
५.४.४. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण योजना ..... ५-३९
५.५. युवा तथा खेलकुद ..... ५-५२
५.५.१. पृष्ठभूमि ..... ५-५२
५.५.२. समस्या तथा चुनौती ..... ५-५२
५.५.३. संभावना तथा अवसर ..... ५-५२
५.५.१. युवा तथा खेलकुद विकास योजना ..... ५-५२
५.६. भाषा, कला तथा संस्कृति ..... ५-६५
५.६.१. पृष्ठभूमि ..... ५-६५
५.६.२. समस्या तथा चुनौती ..... ५-६५
५.६.३. सम्भावना तथा अवसर ..... ५-६५
५.६.४. भाषा कला संस्कृति योजना ..... ५-६५

परिच्छेद ६: पूर्वाधार क्षेत्र ........ ६–१
६.१. भवन निर्माण, आवास तथा बस्ती विकास ........ ६-१
६.१.१. पृष्ठभूमि ........ ६-१
६.१.२. समस्या तथा चुनौती ........ ६-१
६.१.३. भवन निर्माण, आवास तथा बस्ती विकास ........ ६-१
६.२. सडक तथा यातायात ........ ६-१२
६.२.१. पृष्ठभूमि ........ ६-१२
६.२.२. समस्या तथा चुनौती ........ ६-१२
६.२.१. संभावना तथा अवसर ........ ६-१२
६.२.२. सडक तथा यातायात विकास योजना ........ ६-१२
६.३. सिँचाई ........ ६-२४
६.३.१. समस्या तथा चुनौती ........ ६-२४
६.३.२. संभावना तथा अवसर ........ ६-२४
६.३.३. सिँचाई विकास योजना ........ ६-२४
६.४. विद्युत् तथा वैकल्पिक ऊर्जा ........ ६-३२
६.४.१. पृष्ठभूमि ........ ६-३२
६.४.२. समस्या तथा चुनौती ........ ६-३२
६.४.३. संभावना तथा अवसर ........ ६-३२
६.४.४. विद्युत तथा वैकल्पिक ऊर्जा विकास योजना ........ ६-३२
६.५. सूचना, सञ्चार तथा प्रविधि ........ ६-३९
६.५.१. पृष्ठभूमि ........ ६-३९
६.५.२. समस्या तथा चुनौती ........ ६-३९
६.५.३. संभावना तथा अवसर ........ ६-३९
६.५.४. सूचना, सञ्चार तथा प्रविधि योजना ........ ६-३९
परिच्छेद ७: वन तथा जैविक विविधता ........ ७–१
७.१. वन तथा वातावरण ........ ७-१
७.१.१. पृष्ठभूमि ........ ७-१
७.१.२. समस्या तथा चुनौती ........ ७-१

७.१.३. संभावना तथा अवसर ........ ७-१

७.१.४. वन जैविक विविधता संरक्षण योजना ........ ७-१

७.२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ७-१०

७.२.१. पृष्ठभूमि ........ ७-१०

७.२.२. समस्या तथा चुनौती ........ ७-१०

७.२.३. संभावना तथा अवसर ........ ७-१०

७.२.४. भूसंरक्षण तथा जलाधार व्यवस्थापन योजना ........ ७-१०

७.३. वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ७-१९

७.३.१. पृष्ठभूमि ........ ७-१९

७.३.२. समस्या तथा चुनौती ........ ७-१९

७.३.३. संभावना तथा अवसर ........ ७-१९

७.३.४. वातावरण तथा फोहोरमैला व्यवस्थापन योजना ........ ७-१९

७.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना ........ ७-२६

७.४.१. पृष्ठभूमि ........ ७-२६

७.४.२. समस्या तथा चुनौती ........ ७-२६

७.४.३. संभावना तथा अवसर ........ ७-२६

७.४.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना ........ ७-२६

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन ........ ८-१

८.१. संस्थागत विकास तथा सुशासन ........ ८-१

८.१.१. पृष्ठभूमि ........ ८-१

८.१.२. समस्या तथा चुनौती ........ ८-१

८.१.३. संभावना तथा अवसर ........ ८-२

८.१.४. संस्थागत विकास तथा सुशासन योजना ........ ८-२

८.२. राजश्व तथा स्रोत परिचालन ........ ८-१८

८.२.१. पृष्भूमि ........ ८-१८

८.२.२. समस्या तथा चुनौती ........ ८-१८

८.२.३. संभावना तथा अवसर ........ ८-१८

८.२.४. राजश्व तथा स्रोत परिचालन योजना ........ ८-१८

परिच्छेद ९: कार्यान्वयन व्यवस्था ........ ९–१
९.१. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ ९-१
९.२. विषय उपक्षेत्र अनुसार बजेट अनुमान ........ ९-१
९.३. स्रोत प्रक्षेपण तथा परिचालन ........ ९-६
९.४. बजेट विश्लेषण ........ ९-८
९.५. योजना अनुगमन तथा मुल्यांकन ........ ९-८
९.६. योजना अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था ........ ९-९
९.६.१. अनुगमन तथा मूल्याङ्कन ........ ९-९
परिच्छेद १०: अनुमान तथा जोखिम ........ १०–१

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

नेपाल भौगोलिक विविधता, प्राकृतिक सम्पदा तथा मानव संसाधनको अवस्था हेर्दा समृद्धिको प्रशस्त सम्भावना रहेको छ । कुनै क्षेत्रको सामाजिक-आर्थिक विकासनै सो क्षेत्रको रूपान्तरणको प्रमुख आधार हो । विकासका निरन्तर प्रयासहरूको बाबजुद देशका सबै क्षेत्रमा आधारभूत सेवा तथा पूर्वाधार सेवा सुविधाको समान पहुँच पुर्याउन सकिएको छैन । प्रत्येक वस्तीका लागि पूर्वाधार लगायत सेवा र सुविधामा सहज पहुँच पुर्याउनुनै योजनाबद्ध विकासको मुख्य उद्देश्य हो । नेपालमा छ दशक लामो योजनाबद्ध विकासको अवधिमा नौ वटा पञ्चवर्षीय र पाँच वटा त्रिवर्षीय योजना कार्यान्वयन भईसकेका छन् । नेपालमा वि.सं. २०१३-२०१८ मा पहिलो पञ्चवर्षीय योजनाबाट योजनाबद्ध विकासको थालनी भएको हो भने, हाल नेपालमा सोह्रौं आवधिक योजना (२०८१/०८२-२०८५/८६) कार्यान्वयमा छ । व्यवस्थित योजनाले मात्र स्थानीय जनताको वास्तविक आवश्यकता र उनीहरूको प्राथमिकतालाई सम्बोधन गर्न सक्छ । योजना समावेशी, सहभागितामूलक र स्थानीय समस्यालाई सम्बोधन गर्न तथा स्थानीय समुदायबाट स्वीकार्य हुनुपर्छ ।

नेपालको संविधान २०७२, को कार्यान्वयन पछि नेपालको राज्य प्रणाली सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण भएको छ । तीनै तहका सरकार (सङ्घ, प्रदेश र स्थानीय सरकार) संवैधानिक रूपमा अधिकार सम्पन्न भएका छन् । तसर्थ स्थानीय शान्ति, समृद्धि, सुशासन, सामाजिक तथा आर्थिक विकासका लागि स्वयं स्थानीय तहलाई नै अधिकार प्रत्यायोजन गरिएको छ । नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्न नेपाल सरकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरी कार्यान्वयनमा ल्याएको छ । यस ऐनले स्थानीय सरकारको अधिकार, भूमिका तथा जिम्मेवारी तोकेको छ साथै ऐनले स्थानीय तहको दीगो विकासका लागि गाउँपालिका पार्श्वचित्र, स्रोत नक्शा, आवधिक योजना, वार्षिक योजना र दीर्घकालीन विकास योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा **निस्दी गाउँपालिका**ले तोकेको सामाजिक तथा आर्थिक विकास लक्ष्य हासिल गर्न र गाउँपालिका क्षेत्रमा उपलब्ध प्राकृतिक तथा मानव श्रोतको अधिकतम उपयोग गर्न गाउँपालिकाको पहिलो आवधिक योजनाको समयावधि सकिएकाले दोस्रो आवधिक योजनाको तर्जुमा गर्ने पहल गरेको छ ।

स्थानीय समस्यालाई सम्बोधन गर्न योजना तर्जुमा प्रक्रिया जनसहभागितामा आधारित, नेपालको संविधान तथा सम्बिन्धित ऐन, कानुन, नीति तथा निर्देशिकामा आधारित भई अघि बढेको छ । उपलब्ध सिमित स्रोत साधनको न्यायोचित वितरण गरि स्थानीयको विकासको चाहनालाई पुरा गर्न तथा गाउँपालिकाको सबै क्षेत्रको विकासको गतिलाई निर्देशित गर्न यो आवधिक योजना निर्देशक दस्तावेज हुनेछ ।

## १.२. आवधिक योजनाको उद्देश्य

यस योजनाको मुख्य उद्देश्य **निस्दी गाउँपालिकाको** आवधिक योजना तर्जुमा गर्नु हो । अन्य उद्देश्यहरूमाः

- उपलब्ध तथ्यांकका आधारमा गाउँपालिकाको विद्यमान वस्तुस्थिति तयार गर्नु।

- दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरू तर्जुमा गर्नु ।
- आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका लागि विषय क्षेत्रगत योजना तयार गर्नु ।
- बहु क्षेत्रगत लगानी योजना तयार गर्नु ।

## १.३. अध्ययनको कार्य क्षेत्र

योजनाको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका कार्य क्षेत्र रहेका छन् ।

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०५३, स्थानीय तहका नीति नियम लगायत आवधिक योजनाको तर्जुमासँग सम्बन्धित विगतको योजना र विद्यमान ऐन, नीति तथा निर्देशिकाहरू अध्ययन तथा समीक्षा गर्ने । साथै निस्दी गाउँपालिकाको अन्य सान्दर्भिक प्रतिवेदनहरूको अध्ययन तथा विश्लेषण गरिनेछ ।
- स्थलगत भ्रमणबाट सङ्कलन गरिएका तथ्याङ्क, विभिन्न प्रकाशित तथा अप्रकाशित प्रतिवेदन, विभिन्न छलफल तथा अवलोकनबाट प्राप्त जानकारी तथा अन्य द्वितीय तथ्याङ्कका आधारमा गाउँपालिकाको विद्यमान वस्तुस्थिति तयार गर्ने।
- गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रहरूको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको पहिचान तथा विश्लेषण गरी गाउँपालिकाको प्राथमिकता पहिचान गर्ने ।
- गाउँपालिकाको समग्र विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा कार्यान्वयन रणनीति तयार गर्ने ।
- विद्यमान पूर्वाधारको पहुँच र विश्लेषण गरी सडक, यातायात, सिँचाई लगायतका पूर्वाधार विकास योजना तयार गर्ने ।
- गाउँपालिका भित्रका सामाजिक पूर्वाधार तथा सेवाहरूको अध्ययन तथा विश्लेषण गरि सामाजिक विकास योजना तर्जुमा गर्ने ।
- आर्थिक विकासका सम्बन्धि सेवा तथा पूर्वाधारहरूको अध्ययन तथा विश्लेषण गरि स्थानीय अर्थतन्त्र विकासको लागि योजना तयार गर्ने ।
- निस्दी गाउँपालिकाको विद्यमान जनशक्ति, पर्याप्तता र क्षमताको अध्ययन र विश्लेषण गरी संस्थागत विकास योजना तयार गर्ने ।
- स्थलगत अध्ययन तथा छलफलका आधारमा वातावरणीय दृष्टिले महत्वपूर्ण तथा सम्बेदनशील क्षेत्रको पहिचान तथा सोको व्यवस्थापनका लागि योजना तयार गर्ने ।
- प्रकोप जोखिम क्षेत्र पहिचान गरी विपद् जोखिम न्यूनीकरणका लागि योजना तयार गर्ने ।
- सहभागितामूलक तथा समावेशी योजना तर्जुमाका लागि कार्यशाला, बैठक तथा छलफल कार्यक्रम गर्ने ।

## १.४. योजना तर्जुमाका विधि तथा चरणहरू

| क्रियाकलाप | सम्पन्न मिति | उपस्थिति | क्रियाकलाप |
|---|---|---|---|
| अभिमुखीकरण कार्यशाला | २०८१ माघ १३ गते | गाउँपालिका अध्यक्ष, गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि | • आवधिक योजनाको महत्व बारेमा जानकारी<br>• निस्दी गाउँपालिकाको आवधिक योजना तर्जुमाका विधि प्रक्रियाका बारेमा जानकारी<br>• गाउँपालिकाका अध्यक्ष को अध्यक्षतामा आवधिक योजना तर्जुमा समितिको गठन |
| वडागत छलफल तथा योजना सड्कलन | २०८१ माघ २८ देखि फागुन ५ गते सम्म | वडा अध्यक्ष, वडा स्तरीय जानकार व्यक्ति, राजनीतिक दलका प्रतिनिधि | • क्षेत्रगत रूपमा वडाका समस्या, चुनौती तथा सम्भावना, अवसर संकलन<br>• वडागत योजना संकलन तथा प्रथामिकरण |
| तथ्याङ्क प्रशोधन, लेखन | २०८२ बैशाख १५ गते सम्म | परामर्शदाता तथा विषय विज्ञ | • वडागत छलफल गाउँपालिकाको पार्श्वचित्र तथा शाखागत सूचकका आधारमा प्रारम्भिक प्रतिवेदनको तयारी |
| योजना तर्जुमा कार्यशाला | २०८२ जेष्ठ ११ गते | गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि, स्थानीय विज्ञ, विभिन्न सङ्घ संस्थाका प्रतिनिधि | • गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्येश्य, रणनीति, कार्यनीति तथा क्षेत्र गत कार्यक्रम तय<br>• गाउँपालिकाको गौरवका आयोजनाहरू तय<br>• वडा तथा शाखागत रूपमा प्राप्त तथ्यांकका आधारमा तयार पारिएको मस्यौदा पार्श्वचित्रको प्रमाणीकरण |
| मस्यौदा प्रतिवेदन तयारी तथा पेश | २०८२ असार १७ गते | परामर्शदाता तथा विषय विज्ञ | • गाउँकार्यपालिकामा आवधिक योजनाको अन्तिम मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण |

## १.५. आवधिक योजना तर्जुमाका आधारहरू

### १.५.१. नेपालको संबिधान, २०७२

नेपालको संबिधान २०७२ ले व्यवस्था गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, सङ्घीय नीति तथा कानुनको आधिनमा रही स्थानीय तहको विकासको खाका तयार गर्नुपर्ने व्यवस्था गरेको छ । संविधानको अनुसुची ८ र ९ मा क्रमशः स्थानीय तहको एकल र साझा (सङ्घ, प्रदेश र स्थानीय तह) अधिकारको व्यवस्था गरिएको छ ।यसै अधिकारको अधिनमा रही स्थानीय तहले आवधिक योजना, वार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नु पर्नेछ। यस्ता योजना तर्जुमा तथा कार्यान्वयन गर्दा तीनै तहको सरकार बीच सह-अस्तित्व, सहकार्य तथा समन्वय गर्नु पर्ने व्यवस्था छ ।

### १.५.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको वर्तमान संविधान २०७२ बमोजिम, स्थानीय तहको सरकार सञ्चालनका लागि यो ऐन जारी भएको हो । यो ऐनले स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश तथा स्थानीय तह बिचको सहकारिता, सहस्तित्व र समन्वयलाई प्रवर्द्धन जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख गरेको छ यस ऐनले स्थानीय सरकारलाई (गाउँपालिका तथा गाउँपालिका) स्थानीय सेवाको व्यवस्थापन तथा सञ्चालनगर्न नीति तथा मापदण्ड बनाउने, योजना कार्यान्वयन र नियमन गर्ने, सँगठनको विकास, जनशक्ति व्यवस्थापन तथा बृत्ति विकास गर्ने, स्थानीय सेवाको व्यवस्थापनका लागि सूचना तथा संचार प्रविधिको प्रयोग गर्न सक्ने लगायतका अधिकार प्रदान गरेको छ । गाउँपालिका तथा गाउँपालिकाले कानुनको अधिनमा रहि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर निर्धारण संकलन तथा व्यवस्थापन गर्न सक्छ । स्थानीय रावश्वका आधार विस्तार र राजश्व प्रवर्द्धनका समेत स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । ऐनले स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन सोको अनुगमन तथा नियमन गर्ने सम्मका कुराहरू स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखेको छ । यस ऐन अनुसार माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय वजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधताको संरक्षण स्थानीय सडक, सिचाई, बैकल्पिक उर्जा, विपद् व्यवस्थापन, भाषा तथा संस्कृतिको संरक्षण र विकास गर्ने जस्ता कुराहरू पनि स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछन् । यसका साथै भूमिको व्यवस्थापनका लागि भूउपयोग नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्याव्यवन गर्ने अधिकार स्थानीय सरकारलाई रहेको छ । यस ऐनले लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि विविध विषयमा अन्य पालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा कम गर्ने सक्ने समेत व्यवस्था गरेको छ ।

### १.५.३. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना) २०७८

स्थानीय तहको योजना तर्जुमालाई दिशानिर्देश गर्न, तीनै तहका आवधिक योजनाबीच अन्तरसम्बन्ध स्पष्ट गर्न, आवधिक योजना तर्जुमा प्रक्रियामा एकरूपता ल्याउन, योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहयोग पुर्याउन स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ जारी भएको हो । स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषयलाई समेटी स्थानीय तहको आर्थिक तथा समाजिक विकास गर्नका लागि योजना तर्जुमा गर्नुपर्ने जिम्मेवारी छ। योजना तर्जुमा गर्दा सम्बन्धित प्रदेश तथा सङ्घीय योजना बीचको अन्तरसम्बन्ध बारे पनि प्रष्ट पारेको छ । त्यसैगरी स्थानीय तहले आवधिक योजनासँगै मध्यकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्ने तथा यिनीहरूको अन्तरसम्बन्धका बारेमा पनि प्रष्ट पारेको छ ।

स्थानीय तहले योजना तर्जुमा गर्दा स्थानीय तहको वर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र सुशासनको स्थिती विश्लेषण गरी गर्नुपर्ने व्यवस्था छ । प्राप्त हुने सम्भाव्य स्रोतहरूको आधारमा योजना निर्माण र प्राथमिकीकरण गर्नका लागि प्रत्येक क्षेत्रको चुनौती तथा समस्याका कारण र अवसरहरूको पहिचान गरी लक्ष्य तथा उद्देश्य निर्धारण गर्नुपर्ने र सोहि आधारमा नीति तथा कार्यक्रम तय गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा गर्दा वित्तिय स्रोत साधनको विश्लेषण गरी सोहि अनुरूप स्रोतको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । साथै योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना कार्यान्वयन विधि तथा प्रक्रिया कार्यान्वयनमा गर्नुपर्ने सुधार बारे पनि स्पष्ट हुनुपर्ने कुरा यस निर्देशिका उल्लेख गरिएको छ । विभिन्न चरणमा तथ्याङ्क संकलन विश्लेषण, योजना तर्जुमा कार्यशालामा भएका छलफल र सहजीकरणका आधारमा विषयगत योजनालाई एकीकृत गरी आवधिक योजना तर्जुमा गर्नुपर्ने र योजना तर्जुमा प्रक्रिया सहभागितामुलक हुनुपर्ने सोही दिग्दर्शनमा उल्लेख गरिएको छ ।

### १.५.४.अन्तर-सरकारी वित्त व्यस्थापन ऐन २०७४

अन्तर-सरकारी वित्त व्यस्थापन ऐन २०७४ दफा १६ मा सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने र खर्चको विवरण तयार गर्दा चालु खर्च , पूँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्टाउनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा १७मा सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा १८ मा प्रदेश र स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण अनियार्य रूपमा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

# परिच्छेद २: गाउँपालिकाको विद्यमान वस्तुस्थिति

## २.१.पृष्ठभूमि

निस्दी गाउँपालिका नेपालको लुम्बिनी प्रदेशको पाल्पा जिल्लाको सुदुरपूर्वी भागमा अवस्थित गाउँपालिका हो। साविकको बाकामलाङ, सहलकोट, झिरुबास, मित्याल, गल्धा, अर्चले र ज्यामिरे गाँउ विकास समितिहरूको संयोजनबाट गाउँपालिकाको गठन गरिएको हो । प्रशासनिक रूपमा ७ वडामा विभाजन गरिएको यो गाउँपालिका १९४.५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा बौदीकाली, पश्चिममा पूर्वखोला र माथागढी गाउँपालिका, उत्तरमा रामपुर नगरपालिका र दक्षिणमा गण्डकी प्रदेशको नवलपरासी बर्दघाट सुस्ता पुर्व जिल्लाको विनयी-त्रिवेणी गाउँपालिका, मध्यबिन्दु नगरपालिका र हुप्सेकोट गाउँपालिकाका केही भाग पर्दछन् ।

## २.२. जनसङख्याको विवरण

निस्दी गाउँपालिकामा कुल ४,१६५ घरधुरी रहेका छन् । गाउँपालिकाको कुल जनसङ्ख्या १८,१२० रहेको छ । जसमध्ये पुरुषको संख्या ८,३४५ (४९.३२ %) र महिलाको संख्या ९,७७५ (५०.६८%) रहेको छ । वडा अनुसार जनसंख्या वितरण हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं. ४ र सबैभन्दा कम जनसंख्या वडा नं. २ मा रहेको छ । गाउँपालिकाको औषत परिवार आकार ४.३४ जना रहेको छ ।

## २.३. आर्थिक अवस्था

### २.३.१. कृषि तथा पशुपालन

निस्दी गाउँपालिकाको प्रमुख पेशा कृषि रहेको छ । करिब २९.२६ % जमिन कृषि क्षेत्रमा वर्गीकरण गरिएको छ (भूउपयोग क्षेत्र वर्गीकरण तथा योजना, २०८१)। यस पालिकाको १० वर्ष माथिको कुल जनसंख्या मध्ये ८३.०४ % कृषि, वन तथा माछापालन पेशामा संग्लग्न रहेका छन् । गाउँपालिकाका मुख्य कृषि उत्पादनमा मकै, धान, कोदो, गहुँ, आलु र तरकारी उत्पादन हुन्छ । गाउँपालिकामा धेरैजसो कृषकहरूले परम्परागत रूपमा खाद्यान्न बाली र नगदे बाली लगाउँदै आइरहेका छन्। यस पालिकामा मुख्य नगदे बालीको रूपमा अदुवा र अम्रिसो उत्पादन हुन्छ। कृषि विकास सम्बन्धि कार्यविधि, २०८१ अनुरूप पालिकाको कृषि विकास शाखाले अदुवा गुणस्तर प्रवर्द्धन, कफीको नर्सरी स्थापना, कुरिलो, स्ट्रवेरी, अकबरे खुर्सानी र प्याज उत्पादन लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ । त्यसैगरी पालिकामा हुने पशुपालनमा गाई/गोरु, राँगा/भैंसी, बाख्रा, बंगुर, कुखुरा पालन प्रमुख हुन् । मुख्य गरि दुध, माछा, मासु र अण्डा उत्पादन गर्ने उद्देश्यले पशुपंक्षी पालन गरिएको देखिन्छ ।

### २.३.२. उद्योग

औद्योगिकरणको क्षेत्रमा यस गाउँपालिका हाल विस्तार विस्तारै अगाडि बढ्दै गरेको देखिन्छ । यहाँ ठूला ठूला उद्योगहरू हालसम्म स्थापना भएका छैनन् ।यहाँ कृषिमा आधारित व्यवसायहरू जस्तै बाख्रा फार्म, मह उत्पादन (मौरीपालन) आदि सञ्चालनमा रहेको हुँदा कृषिमा नै आधारित उद्योगको प्रचुर संभावना रहेको छ । यस गाउँपालिकाको वडा ५ मा सालको पातको दुना टपरी उद्योग, सिमन्टिको ब्लक उद्योग, सरफ उद्योग र

अदुवा प्रशोधन उद्योग समेत संचालनमा रहेका छन् । यस बाहेक केही फर्निचर उद्योग, कुखुरा फार्म, चामल मिल आदि पनि सञ्चालनमा रहेका छन् ।

### २.३.३. पर्यटन

अनुपम प्राकृतिक श्रोत र संस्कृति, पर्यटनको विकासका लागि महत्वपूर्ण सम्पदाहरु हुन् । नेपालमा रहेका जम्मा २० वटा संरक्षित क्षेत्रहरूले यहाँको करिब २३.२३% भूमि ओगटेको छ । नेपालमा प्रत्येक वर्ष लाखौं आगन्तुकहरूलाई आकर्षित गर्ने सांस्कृतिक र धार्मिक स्थलहरू छन् । पर्यटन क्षेत्रको विकासले रोजगारीका अवसरहरू अभिवृद्धि, गरिबी न्यूनीकरण र जनताको जीवनस्तरमा सुधार गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुर्याइरहेको छ । यस पालिकामा धार्मिक, प्राकृतिक तथा सांस्कृति पर्यटकिय स्थलहरू रहेका छन्। काउले डाँडा, घाँगी गुफा, थुम्कीडाँडा लेक, नामसुर्घा डाँडा, बलडयाङ देवी, सुकेकोट गुफा, निशानी देवी मन्दिर, खादर गाउँका कुडुले घरहरू आदि पालिकाका विभिन्न वडामा रहेका मुख्य पर्यटकीय स्थलहरू हुन्। विभिन्न देवी देवताका मठ मन्दिरहरू, विभिन्न समयमा लाग्ने मेला तथा जात्रा, यहाँ समय समयमा मनाईने चाडपर्व, विभिन्न जातजातिका मौलिक कला, संस्कृति तथा चालचलन पनि संस्कृतिका अनुपम उदाहरण हुन्।

### २.३.४. व्यापार, व्यवसाय तथा आपूर्ति

निस्दी गाउँपालिकाको सबै भन्दा ठुलो बजार वडा नं ४ रुक्सेभन्ज्याङ स्थित मित्याल बजार हो, जुन यस गाउँपालिकाको केन्द्र पनि हो । त्येसैगरी अन्य वडाहरू जस्तै वडा १ को पुरामलाङ, वडा ३ को धर्केसिङ, वडा ५ को बेलडाँडा र ढुङ्गानाबेसी तथा वडा ६ को अर्चले र सिसिङ्गामा पनि स-साना बजार केन्द्रहरू रहेका छन् । गाउँपालिकामा सञ्चालन भएका व्यापार र व्यवसायहरू यीनै बजार क्षेत्रहरूमा केन्द्रित रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस पालिकामा घरधुरीको साना व्यवसायमा संलग्नता हेर्दा अधिकांश (८८.१४%) परिवार कृषि बाहेक कुनै पनि व्यवसायमा संलग्न भएका छैनन् । अन्य साना व्यवसाय संलग्न मध्ये सबैभन्दा बढी ३०४ परिवार (७.३०%) घरेलु तथा लघु उद्योगमा संलग्न छन् ।

### २.३.५. श्रम तथा रोजगारी

दुई तिहाई भन्दा बढी नागरिक कृषि पेशामा संलग्न रहेको यस गाउँपालिकामा स्वभावत रोजगारी र आम्दानीको प्रमुख श्रोत कृषिनै भएता पनि अन्य आम्दानीको श्रोत पनि रहेका छन् । यस गाउँपालिकामा वैदेशिक रोजगारमा जाने जनसङ्ख्या हेर्ने हो भने सबै भन्दा बढी ४६.१५% भारतमा रहेका छन् भने ३६.४३% मध्यपूर्वी राष्ट्रहरूमा छन् । दक्षिण पूर्वी एशियाली मुलुकमा जानेको सङ्ख्या १४.४१%, अन्य एशियाली मुलुक जानेको सङ्ख्या १.०३% देखिन्छ। ती बाहेक अन्य अमेरिकी, युरोपेली र अफ्रिकी राष्ट्रमा जानेको सङ्ख्या एकदम न्यून रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ५५१ जना बेरोजगारको सुचिमा सुचिकृत भएका थिए। सो आ.व.मा सुचिकृत भएका मध्ये ७४ जनाले ७ वटा आयोजनामा संलग्न भई जम्मा ७,४०० दिन काम गरेका थिए।

## २.४. सामाजिक अवस्था

### २.४.१. स्वास्थ्य

यस गाउँपालिकामा १ आधारभूत अस्पताल (१ स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्दै निर्माणाधीन), ६ स्वास्थ्य चौकी र ५ सामुदायिक स्वास्थ्य ईकाइ सञ्चालनमा रहेका छन् । यी स्वास्थ्य संस्थाबाट नियमित रूपमा खोप सेवा सञ्चालन भईरहेका छन् भने अन्य १७ स्थानमा पनि खोप केन्द्र रहेका छन् । गाउँपालिकामा हरेक महिनाको पहिलो हप्तामा विभिन्न १९ स्थानमा गाउँघर क्लिनिक पनि संचालनमा रहेका छन् ।

यी स्वास्थ्य संस्थाहरूमा नियमित विरामी जाँच, पोषण सेवा, प्रसुती सेवा, गर्भवती जाँच, औषधी वितरण, खोप सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने, क्षयरोगको उपचार तथा अन्य उपचारात्मक सेवाहरू उपलब्ध रहेका छन्। साथै औषधि वितरण, पाथोलोजी प्रयोगशाला तथा अन्य निदान सेवाहरू, दृष्टि तथा दन्त समस्याहरूको प्रवर्द्धन र रोकथाम पनि पालिकाले प्रदान गर्ने आधारभूत स्वास्थ्य सेवा अन्तर्गत रहेका छन् ।

आधारभूत स्वास्थ्य उपचार स्थानीय स्वास्थ्य चौकीबाट प्राप्त हुने भएता पनि थप उपचारका लागि स्थानीयहरू रामपुर नगरपालिकामा स्थित रामपुर अस्पताल, चापाकोट अस्पताल, पाल्पा अस्पताल तथा बुटवल, चितवन र काठमाडौंका विभिन्न अस्पतालहरूमा जाने गरेका छन् ।

### २.४.२. शिक्षा

गाउँपालिकाको ५ वर्ष भन्दा माथि उमेरको कुल साक्षरता प्रतिशत ८०.२७% रहेको छ । त्यसैगरी महिला साक्षरता प्रतिशत ७२.८६ % र पुरुष साक्षरता ८७.९० % रहेको देखिन्छ। (राष्ट्रिय जनगणना,२०७८)

निस्दी गाउँपालिकामा जम्मा ५१ वटा शैक्षिक संस्थाहरू रहेका छन् । कुल विद्यालयमा १२ माध्यमिक र ३९ आधारभूत तहका विद्यालय छन् । गाउँपालिकका सबै वडामा कम्तिमा एउटा माध्यमिक तहको सामुदायिक विद्यालय रहेको छ । पालिकाका कुनै पनि वडामा संस्थागत विद्यालय छैनन् ।

### २.४.३. खानेपानी तथा सरसफाई

निस्दी गाउँपालिकामा विभिन्न स्रोतबाट खानेपानीको आपूर्ति भईरहेको छ। पालिकामा खानेपानीका लागि सबै भन्दा धेरै ४८.७९% परिवारको कम्पाउण्डमा खानेपानीको धारा छ भने ४४.७१% परिवारको आफ्नो घर कम्पाउण्ड बाहिरको धाराबाट वा सार्वजनिक धाराबाट खानेपानी आपूर्ति भईरहेको छ। त्यसैगरी २.९१% मूलको पानीमा निर्भर छन् भने १.५४% खुला इनार/कुवाको पानी प्रयोग गर्छन भने ढाकिएको इनारको पानी प्रयोग गर्ने परिवार १.२२% रहेका छन् ।

यस पालिकामा शौचालय प्रयोग अनुसार हेर्दा फ्लस भएको (सेप्टिक टयाङ्क) शौचालय प्रयोग गर्ने परिवार २,८४० (६८.१९%), साधारण शौचालय प्रयोग गर्ने ९३९ (२२.५५%), फ्लस भएको (सावर्जनिक ढल) शौचालय प्रयोग गर्ने परिवार ३३८ (८.१२%), र सावर्जनिक शौचालय प्रयोग गर्ने परिवार सङ्ख्या १६ (०.३८%) रहेका छन् । पालिकामा हालसम्म पनि चर्पी नभएको परिवार सङ्ख्या ३२ (०.७७%) छन् (राष्ट्रिय जनगणना, २०७८) ।

### २.४.४. महिला बालबालिका तथा सामाजिक समावेशीकरण

निस्दी गाउँपालिकामा सम्पतिमा महिलाको स्वामित्व अन्तर्गत जग्गामा मात्र स्वामित्व भएका महिलाको संख्या ४.६१% छ । घर र जग्गा दुबैमा स्वामित्व भएका महिलाको संख्या ४.५९% मात्र छ । त्यसैगरी पालिकामा महिला घरमुली भएको परिवार ४०.८२% रहेको छ ।

गाउँपालिकामा कुल जनसंख्याको २६.४३% १४ वर्ष र सो भन्दा कम उमेरका बालबालिका छन् । गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या कुल जनसङ्ख्याको २.५१% (४५५) रहेको छ । त्यसैगरी कुल जनसङ्ख्याको ४.५१% (८१८) जनसङ्ख्या ज्येष्ठ नागरिक (७० वर्ष भन्दा माथि) छन् ।

## २.५. भौतिक पूर्वाधारको अवस्था

### २.५.१. सडक तथा यातायात

सडक पूर्वाधारको पनि पूर्वाधार हो। यस गाउँपालिकाको पश्चिममा पर्ने वडा नं २ को गमारी खोला हुँदै वडा नं ३ को थुमसार डाँडा, खादर हुँदै मुरली खोला भएर नवलपरासी सुस्ता पुर्वमा पर्ने हुप्सेकोट गाउँपालिका हुँदै जाने भिमाद मित्याल आरुङखोला सडक (NH68) र वडा १ को उत्तरी भेग भएर जाने कालीगण्डकी करिडोर (NH09) सडकले पालिकालाई भू-मार्गमार्फत छिमेकी पालिकाहरू तथा आफ्नै प्रदेशका मुख्य सहरहरूसँग जोडेको छ । यी बस्तीहरू गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरू पनि हुन् । हालको अवस्थामा पालिकामा कुल ३५४.०३ किलोमिटर सडक रहेकोमा अधिकांश सडक धुले रहेका छन् । स्थानीय बासीलाई सडकको पहुँच सुनश्चित गर्न पालिकाले लगभग सबै बस्तीमा बाटोको ट्र्याक खोलिएको छ। नयाँ बाटोको ट्र्याकलाई स्तरोन्नति गर्न गाउँपालिकाले नियमित रूपमा बजेटको व्यवस्थापन गरिरहेको छ। गाउँपालिकामा रहेका मुख्य सडकहरू निम्नानुसार रहेका छन् ।

| सडकको नाम | स्तर | सडक कोड | लम्बाई (कि. मि) |
|---|---|---|---|
| मदन भण्डारी राजमार्ग (दमाराफाँट-किसानबारी खण्ड) | राष्ट्रिय राजमार्ग | NH०९ | ३.२५ |
| भिमाद मित्याल आरुङखोला सडक (केलादीघाट मित्याल खण्ड) | प्रस्तावित राष्ट्रिय राजमार्ग | NH६८ | २७.०५ |
| आर्यभञ्ज्याङ – रामपुर सडक (धोबारी रामपुर खण्ड) | फिडर सडक | F१९७ | २.९४ |
| हुमिन – रिङ्गनेरहा – ज्यामिरे सडक | DRCN | ४७DR०३० | १०.१७ |
| सिलुवा - अर्चले सडक | DRCN | ४७DR०३२ | ६.३४ |
| बेलडाँडा – गल्धाफाँट – कथैडांडा सडक | DRCN | ४७DR०३४ | ३.८१ |
| बेलडाँडा – ढुङ्गानावेशी – मित्याल सडक | DRCN | ४७DR०३५ | १४.०६ |
| ढुङ्गानावेशी – क्याङरुङ्ग – झिरुबास सडक | DRCN | ४७DR०३६ | ६.७७ |
| खोपटार – किर्तिपुर – पन्थे – सहलकोट सडक | DRCN | ४७DR०३७ | ७.४८ |
| भलायाटार – फुर्केटार – आनन्दीभञ्ज्याङ – बाकामलाङ सडक | DRCN | ४७DR०३८ | ७.८३ |

ढुङ्गाना बेसि र मित्याल बजार गाउँपालिकाका सेवा केन्द्र हुन्, जहाँ जनसङ्ख्या चाप तुलनात्मक रूपमा अत्यधिक हुन्छ । प्रत्येक वडाका बस्तीहरू केन्द्रसँग गाउँ/सहरी सडकमार्फत जोडिएका छन् । प्रायः सहरी सडकहरूको सतह धुले छन् र यातायात सुविधा कमजोर तथा नियमित छैन । दैनिक यात्राको लागि सार्वजनिक

यातायातको उपयोग मुख्य रूपमा मदन भण्डारी राजमार्ग र आर्यभङ्ग्याङ—धोबादी—रामपुर मार्गसम्म सीमित देखिन्छ ।

### २.५.२. विद्युत

निस्दी गाउँपालिकामा बत्ति बाल्नका लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या ५४.७७ % छ । त्यसैगरी बत्ति बाल्न बैकल्पिक ईन्धनको रूपमा ४४.३५ % ले सोलार/सौर्यउर्जा, ०.५५ % ले मट्टीतेल र अन्य स्रोत प्रयोग गर्ने परिवारको ०.३४ % रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)।

त्यसैगरी खाना पकाउन बैकल्पिक ईन्धनको रूपमा बायो ग्यास प्रयोग गर्ने ०.५३%, विद्युत प्रयोग गर्ने ०.२४ % र मट्टीतेल प्रयोग गर्ने ०.०५ % परिवार छन् । खान पकाउन एल.पी.ग्याँस र काठ/दाउराको प्रयोग गर्ने परिवार क्रमशः १४.७७% र ८४.३२% रहेका छन् ।

### २.५.३. सूचना तथा प्रविधि

पालिकाका सबै क्षेत्रमा मोवाइल सेवाको पहुँच राम्रो छ । टेलिफोन तथा इन्टरनेट सेवामा घरधुरीको पहुँच बढाउन मोबाइल सेवाको महत्वपूर्ण योगदान रहेको छ । करिब ७५.५१% ले स्मार्ट मोबाइल फोन प्रयोग गर्दछन भने, ८६.०१% ले साधारण मोबाईलको प्रयोग गर्दछन् । नेपाल टेलिकम र एनसेलले मोवाईल सेवा सबैभन्दा बढी प्रयोगमा रहेको छ । ल्याण्डलाईन टेलिफोनको प्रयोग गर्नेको सङ्ख्या मात्र १.४६% छ । त्यसैगरी, २५.६२% को ईन्टरनेटमा पहुँच छ भने, ९.८७% को कम्प्युटर/ल्यापटपमा पहुँच पुगेको छ । पालिकामा टेलिभिजन र रेडियोको सुबिधा भएको जनसङ्ख्या क्रमश १३.१६% र ४९.७७% रहेको छ । पालिकाका सबै वडामा विभिन्न एफ.एम तथा रेडियो नेपाल लगायत विभिन्न स्टेशनहरू सुन्न सकिन्छ भने विभिन्न केवल नेटवर्क मार्फत टेलिभिजनको पहुँच पनि राम्रो छ । विभिन्न राष्ट्रिय साथै स्थानीय पत्रपत्रिका पनि उपलब्ध छन् । गाउँपालिकाका ८८.०१% घर परिवार साधारण मोवाईलको प्रयोग गर्दछन् भने ६९.२० % ले स्मार्ट मोवाईलको प्रयोग गर्दछन् । त्यसैगरी ४८.३६% परिवारले रेडियोको प्रयोग गर्दछन् भने ४५ % परिवारमा टेलिभिजनको सुबिधा छ । ईन्टरनेटको पहुँच हुने परिवारको संख्या ३.९० % रहेको छ ।

## २.६. प्राकृतिक स्रोत

### २.६.१. वन तथा जैविक विविधता

निस्दी गाउँपालिका प्राकृतिक सम्पदाका दृष्टिले सम्पन्न छ। गाउँपालिकाको कुल क्षेत्रफलको ६२.०२ % भूभाग वन क्षेत्रले ढाकेको छ । यहाँ ११० सामुदायिक वन रहेका छन् भने ६१ कबुलियती वन रहेका छन् । यहाँ रहेका सामुदायिक वनहरू स्थानीय उपभोक्ता समितिद्वारा संरक्षण तथा व्यवस्थापन हुँदै आइरहेका छन् । यी समितिले वनको संरक्षण लागि वृक्षारोपण गर्ने, आगलागीबाट बचाउन अग्निरेखा निर्माण गर्ने, सदस्यहरूलाई काठ काट्ने र अन्य वन पैदावारको प्रयोगको अनुमती दिने जस्ता कार्यहरू गर्दै आईरहेका छन् । पालिकामा रहेका कबुलियती वनहरूमा सव डिभिजन वन कार्यालय मित्याल र पालिकाको अनुमतिमा अम्रिसोको व्यवसायिक खेति गरिएको छ जसले स्थानीय वासीको जीवनस्तर उकास गर्न केहि टेवा पुर्याएको

छ । त्यसैगरी पालिकामा दर्ता नभएका वनहरू (निजि जग्गामा लाएको वन) पनि छन् । स्थानीय वासिहरूले यस्ता वनजंगलबाट घाँस, दाउरा, काठ, स्याउला, पत्कर, जडिबुटी, चरिचरन आदिको प्रयोग गरिरहेका छन्।

### २.६.२. जलस्रोत

यस गाउँपालिकामा प्रशस्त पानीका स्रोत रहेका छन् । विभिन्न खोला, खोल्सी तथा मूल पानीका मुख्य स्रोत हुन् । निस्दी खोला, आरुङ खोला र बौदी खोला गाउँपालिकामा पर्ने मुख्य खोलाहरू हुन् । त्यसैगरी, पालिकामा वडा तथा टोलहरूलाई विभाजन गर्ने गरि बग्ने थुप्रै स-साना खोलाहरू रहेका छन् । यी खोलाहरूका पानी स्रोतहरू मुख्य रूपमा खानेपानीको मूलका रूपमा प्रयोग गरिन्छ भने तिनको किनार क्षेत्रहरूमा खेतीपाती गरिने गरिएको छ । साथै, केही खोलाहरू लघु जलविद्युत परियोजना तथा पेल्ट्रिक सेट सञ्चालनका लागि पनि उपयोगमा ल्याइएका छन् ।

### २.६.३. खानी क्षेत्र

निस्दी गाउँपालिका वडा नं. ७ को भुटुके ज्यामिरे क्षेत्रमा चुनढुङ्गा खानी रहेको छ । उक्त खानीबाट चुनढुङ्गा उत्खननको प्रक्रिया चलिरहेको छ, जुन कार्य नवलपरासीको विनय त्रिवेणी गा.पा. वडा नं. ४ स्थित शिवम् सिमेन्ट प्रा.लि.ले गरिरहेको हो ।

### २.६.४.प्रकोप जोखिम क्षेत्र

पहाडी जिल्लामा अवस्थित यस गाउँपालिकामा प्रायः घरहरू (९५.४७%) कच्ची (जगमा माटो ईँटा र ढुङ्गा मात्रको प्रयोग) र पालिकाको अधिकांश क्षेत्रफल जङ्गल भएकाले आगलागी/डढेलो र भुकम्पको उच्च जोखिम रहेको छ। भिरालो तथा कमजोर भूवनोट भएको यस पालिकामा पहिरोको पनि उतिकै जोखिम रहेको छ। त्येसैगरी, पालिकामा भौगोलिक प्रकोप जस्तै भू-क्षय, जमीन भासिने र नदी कटानको उच्च जोखिम रहेको छ ।

## २.७. वित्तीय व्यवस्थापन

### २.७.१. सार्वजनिक स्रोतको आधार

निस्दी गाउँपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको पहिचान तथा आँकलन गरि परिचालन तथा उपयोग गरिनेछ ।

क. वित्तीय हस्तान्तरण

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा व्यवस्था भए बमोजिम यस गाउँपालिकामा सङ्घ तथा प्रदेशबाट देहाय बमोजिम वित्तीय स्रोत हस्तान्तरण हुनेछन् ।

सङ्घीय सरकारबाट प्राप्त हुने

- समानीकरण अनुदान

- सशर्त अनुदान
- विशेष अनुदान
- समपुरक अनुदान
- राजस्व बाँडफाँड

प्रदेश सरकारबाट प्राप्त हुने

- समानीकरण अनुदान
- सशर्त अनुदान
- विशेष अनुदान
- समपुरक अनुदान
- राजस्व बाँडफाँड

अन्य अनुदान

ख. आन्तरिक आय

- स्थानीय सरकार संचालन ऐन बमोजीम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकर राजस्वहरू

ग. गैरसरकारी संस्था तथा दातृ निकाय

निस्दी गाउँपालिकामा विगत तीन आर्थिक वर्षको आय र स्रोतको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: गाउँपालिकाको विगत तीन आर्थिक वर्षको राजश्वको विवरण

| क.सं | बजेट शीर्षक | इकाई | आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|
| | | | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
| १ | वार्षिक आन्तरिक आय रकम | रू.लाख | २५१.८८ | २७५.८१ | १३८.६९ |
| २ | सङ्घीय सरकारबाट राजस्व बाँडफाड प्राप्त रकम | रू.लाख | १२१९.८७ | १०७४.७४ | ९८४.१० |
| ३ | राजस्व बाँडफाडबाट प्राप्त रकम | रू.लाख | १२९९.४९ | ११४७.६३ | १०६९.७४ |
| ४ | सङ्घीय सरकारबाट प्राप्त समानीकरण अनुदान | रू.लाख | ९९७.०० | ९७९.५८ | ८७०.४८ |
| ५ | प्रदेशबाट प्राप्त समानीकरण अनुदान | रू.लाख | ४६.६४ | ५६.९६ | ४८.९४ |
| ६ | सङ्घबाट प्राप्त विशेष अनुदान पुँजीगत | रू.लाख | | १०१.५५ | १४२.९९ |
| ७ | प्रदेशबाट प्राप्त विशेष अनुदान (चालु) | रू.लाख | ५२.३८ | ४५.०२ | |
| ८ | सङ्घबाट प्राप्त ससर्त अनुदान चालु | रू.लाख | २२४६.९१ | २४६०.६१ | २४७४.५६ |
| ९ | सङ्घबाट प्राप्त ससर्त अनुदान पुँजीगत | रू.लाख | १६६.४२ | २६०.५४ | १८.३४ |
| १० | प्रदेश वाट प्राप्त ससर्त अनुदान चालु | रू.लाख | ६४.५९ | | ०.५६ |
| ११ | प्रदेश वाट प्राप्त ससर्त अनुदान पूँजीगत | रू.लाख | | ६२.८४ | ६०.६० |
| १२ | सङ्घबाट प्राप्त समपुरक अनुदान (पुँजीगत) | रू.लाख | | | ८०.०० |

| क्र.सं | बजेट शीर्षक | इकाई | आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|
| | | | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
| १३ | प्रदेशबाट प्राप्त समपुरक अनुदान (पुँजीगत) | रू.लाख | ११६.८७ | | १००.०० |
| १४ | पालिकाको कूल वार्षिक बजेट | रू.लाख | ६८३९.०३ | ७६७८.२४ | ६८८३.६५ |
| १५ | बजेटको वृद्धिदर | प्रतिशत | १०.३४ | १२.२७ | -१०.३५ |
| १६ | आन्तरिक आय र वाह्य आयको अनुपात | अनुपात | ०.०४० | ०.०४४ | ०.०२३ |
| १७ | कूल बजेटको वास्तविक खर्च | प्रतिशत | ७६.०२ | ७५.५८ | ७९.५७ |
| १८ | कूल बजेटको पूँजिगत खर्च | प्रतिशत | ३३.८६ | ३७.५३ | ३१.६८ |
| १९ | निर्माण क्षेत्रमा भएको लगानी (कूल बजेटको) | प्रतिशत | २३.९८ | २३.८० | २३.७१ |
| २० | संकलित कर राजस्व र गैरकर राजस्वको अनुपात | अनुपात | ०.०४९ | ०.०३५ | ०.०८७ |

*(स्रोत : राजश्व शाखा; निस्दी गाउँपालिका, २०८१)*

# परिच्छेद ३: दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

## ३.१. पृष्ठभूमि

नेपालको संविधानले नेपालको अर्थव्यवस्था समाजवाद उन्मुख बनाउनको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक योगदानबाट दीगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै सामाजिक न्यायमा आधारित समातामूलक समाज निर्माणका लागि मार्ग प्रशस्त गरेको छ। राज्यको अधिकार र कार्य क्षेत्रलाई सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारमा बाँडफाँड गरिएको छ । संविधान प्रदत्त अधिकारले प्रत्येक तहको एकल र साझा अधिकारको बाँडफाँड मार्फत आर्थिक, सामाजिक विकासमा स्थानीय जनताको सहभागिता कुनै न कुनै किसिमले गरेको छ । स्थानीय सरकारले कुनै पनि योजना तर्जूमा गर्दा स्थानीयबासीहरूको कुनै न कुनै हिसावले सहभागिता, अनुभवको आदानप्रदान र योजनाको कार्यान्वयनमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिताका लागि मार्ग प्रशस्त गरेको छ । सहभागिताको सुनिश्चितताको लागि पालिका र वडाहरूको भूमिका महत्वपूर्ण हुन्छ । जनसहभागिताले योजनाको अपनत्व र कार्यान्वयनमा प्रभावकारीता ल्याउन मद्दत गर्दछ ।

गाउँपालिकाले निर्माण गरेका सामाजिक, आर्थिक विकासका कार्यहरूलाई सफल कार्यान्वयन गर्नको लागि वित्तीय क्षेत्रको उचित व्यवस्थापन गर्नुपर्दछ । पालिकाको संस्थागत क्षमता र वित्तीय क्षेत्रको प्रभावकारी परिचालनद्वारा गाउँपालिकाको दीर्घकालिन सोच, मध्यमकालिन र अल्पकालिन लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न सहजता हुन्छ ।

निस्दी गाउँपालिकाका आफ्नै विशिष्ट संभावना, अवसर, समस्या साथै स्रोत र साधनको उपलब्धता र न्यूनता रहेको छ। उपलब्ध स्रोत साधनको उच्चतम उपयोगका लागि संस्थागत विकास र सुशासन मुख्य स्तम्भको रूपमा लिन सकिन्छ । स्थानीय राजश्व र आयका स्रोत, सङ्घ र प्रदेशबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड र बाह्य आम्दानीका अवसरहरूको अधिकतम उपयोग गर्न सक्ने अवसर रहेका छन् । आन्तरिक र बाह्य अवसरहरूको अधिकतम उपभोग गर्दै पालिकाको आर्थिक, सामाजिक विकास, पूर्वाधार विकासका लागि संस्थागत क्षमता अभिवृद्धि तथा शुसासन कायम गर्नको सकेमा यस आवधिक योजनाले राखेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य अनुरूप कार्यहरू गरी अपेक्षित उपलब्धी र प्रतिफल प्राप्त भई समृद्ध पालिका बनाउन यो आवधिक योजना कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ।

## ३.२.गाउँपालिकाको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती

| **सबल पक्ष** | **दुर्बल पक्ष** |
|---|---|
| • कुल जनसंख्याको ८३.०४% कृषि क्षेत्रमा संलग्न<br>• प्राकृतिक सौन्दर्यता, धार्मिक, प्राकृतिक, ऐतिहासिक तथा मनोरञ्जनात्मक स्थलहरू।<br>• जातीय तथा भाषिक विविधता<br>• शैक्षिक संस्थाहरू र कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयहरूको उपस्थिति<br>• स्थानिय सरकारको सक्रियताः कृषि तथा पर्यटन गुरुयोजना निर्माण, रोजगार योजनाहरू सञ्चालनमा। | • विगत दशकहरूमा जनसंख्या तथा जनघनत्वमा उल्लेखनीय गिरावट।<br>• २०-३४ वर्ष उमेर समूहको जनसंख्या निकै कम, वैदेशिक रोजगारीको उच्च दर।<br>• न्युन औद्योगीकरण, अधिकांश साना तथा घरेलु उद्योग मात्रै<br>• न्युन साक्षरता दर (७८.५३), महिलाको साक्षरता दर अझै कम<br>• व्यवसायिक विविधिकरणको अभाव, कृषि बाहेक अन्य क्षेत्रमा संलग्नता न्यून। |
| **अवसर** | **चुनौती** |
| • कृषि विकास कार्यविधिको कार्यान्वयन<br>• पकेट क्षेत्रहरूको विस्तार सम्भावना<br>• पर्यटन प्रवर्द्धन<br>• कृषिमा आधारित उद्योगहरूको विकास<br>• वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई स्वरोजगारमा रूपान्तरण गर्ने<br>• सहकारी र वित्तीय पहुँचको वृद्धि | • बसाई सराई र वैदेशिक रोजगारीले श्रमशक्ति गुमाउने जोखिम<br>• भिरालो भूभाग र विपद् जोखिम क्षेत्रहरू<br>• खाद्यन्न लगायत अन्य उपभोग्य वस्तुहरूमा बाह्य आपूर्तिमा निर्भरता<br>• लगानी मैत्री वातावरणको कमीले उद्योग विस्तारमा अवरोध<br>• उच्च शिक्षा अध्ययनको लागि बाहिर जानुपर्ने बाध्यता |

## ३.३. विषयगत सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती

### ३.३.१. भौतिक पूर्वाधार विकास क्षेत्र

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • सडक सञ्जाल विस्तारः केही मुख्य मार्गहरूले वडाहरूलाई आपसमा र छिमेकी पालिकासँग जोडेको छ।<br>• विद्युत सेवा उपलब्धताः अधिकांश घरधुरीमा विद्युत सेवा<br>• केही स्थानहरूमा आधुनिक ढाँचाका सरकारी तथा निजी भवनहरू निर्माण हुँदै गएको<br>• सूचना प्रविधिको पहुँचः मोबाइल र इन्टरनेटको सेवा विस्तार भइरहेको, विशेष गरी बजार क्षेत्रहरूमा। | • अधिकांश सडकहरू कच्ची र साँघुरा, वर्षायाममा आवागमन कठिन<br>• सिंचाइ संरचना अपर्याप्तः कुल कृषि क्षेत्रफलको २०.६८% मात्र सिंचित छ, बाँकी वर्षामा निर्भर।<br>• भूकम्प र पहिरोको जोखिमः धेरै घरहरू कच्ची संरचना, पालिकाको करिब २५% भूभाग भिरालो रहेको जसले पहिरोको जोखिम बढाउँछ।<br>• निर्माणमा प्राविधिक अभावः पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र वैज्ञानिक योजना अभाव |
| **अवसर** | **चुनौती** |
| • सडक स्तरोन्नति र विस्तारः बजेटको सही परिचालन र स्थानीय श्रम उपयोग<br>• सौर्य तथा वैकल्पिक ऊर्जा विकासः केही क्षेत्रमा वैकल्पिक ऊर्जा (सौर्य, जल) प्रवर्द्धनको सम्भावना ।<br>• भवन मापदण्ड कार्यान्वयनः सुरक्षित भवन निर्माणका लागि मापदण्ड कार्यान्वयन गरि जोखिम न्यूनीकरण गर्न सकिने ।<br>• प्राविधिक जनशक्ति विकासः स्थानीय जनशक्तिलाई निर्माण सम्बन्धी सीपमूलक तालिमद्वारा दक्ष बनाउन सकिने । | • विपद् जोखिम (पहिरो, डुबान, आगलागी): कमजोर भू-गठन र हिउँदे सडकले जोखिम बढाएको छ ।<br>• आर्थिक स्रोतको अभावः पूर्वाधार विकासका लागि पर्याप्त आन्तरिक बजेटको अभाव ।<br>• पर्यावरणीय प्रभाव बेवास्ताः योजना विनाको विकास निर्माणले दीर्घकालीन पर्यावरणीय असर पार्न सक्ने खतरा ।<br>• पूर्वाधारको दीर्घकालीन संरक्षण चुनौतीपूर्णः निर्माणपछि मर्मत तथा सञ्चालनमा स्थानीय लगानी तथा दक्षता कम । |

### ३.३.२. सामाजिक विकास क्षेत्र

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • शिक्षा पूर्वाधारको उपलब्धताः ५१ शैक्षिक संस्था (१२ माध्यमिक र ३९ आधारभूत), सबै वडामा कम्तीमा एउटा माध्यमिक विद्यालय।<br>• सबै वडामा स्वास्थ्य चौकी वा उपस्वास्थ्य केन्द्रहरू कार्यरत, स्वास्थ्यकर्मीहरूको उपलब्धता | • शिक्षा पूर्वाधारको उपलब्धताः ५१ शैक्षिक संस्था (१२ माध्यमिक र ३९ आधारभूत), सबै वडामा कम्तीमा एउटा माध्यमिक विद्यालय।<br>• सबै वडामा स्वास्थ्य चौकी वा उपस्वास्थ्य केन्द्रहरू कार्यरत, स्वास्थ्यकर्मीहरूको उपलब्धता |

| | |
|---|---|
| • विभिन्न वडामा खेलमैदानको व्यवस्था, युवालाई लक्षित कार्यक्रम।<br>• समुदायमा लैङ्गिक सचेतना बृद्धिः महिला स्वामित्वमा व्यवसाय, सहकारीमा महिलाको सहभागिता वृद्धि<br>• मठमन्दिर, जात्रा र मौलिक संस्कृतिको संरक्षणले सामुदायिक ऐक्यबद्धता मजबुत। | • विभिन्न वडामा खेलमैदानको व्यवस्था, युवालाई लक्षित कार्यक्रम।<br>• समुदायमा लैङ्गिक सचेतना बृद्धिः महिला स्वामित्वमा व्यवसाय, सहकारीमा महिलाको सहभागिता वृद्धि<br>• मठमन्दिर, जात्रा र मौलिक संस्कृतिको संरक्षणले सामुदायिक ऐक्यबद्धता मजबुत। |
| **अवसर** | **चुनौती** |
| • शिक्षा पूर्वाधारको उपलब्धताः ५१ शैक्षिक संस्था (१२ माध्यमिक र ३९ आधारभूत), सबै वडामा कम्तीमा एउटा माध्यमिक विद्यालय।<br>• सबै वडामा स्वास्थ्य चौकी वा उपस्वास्थ्य केन्द्रहरू कार्यरत, स्वास्थ्यकर्मीहरूको उपलब्धता<br>• विभिन्न वडामा खेलमैदानको व्यवस्था, युवालाई लक्षित कार्यक्रम।<br>• समुदायमा लैङ्गिक सचेतना बृद्धिः महिला स्वामित्वमा व्यवसाय, सहकारीमा महिलाको सहभागिता वृद्धि<br>• मठमन्दिर, जात्रा र मौलिक संस्कृतिको संरक्षणले सामुदायिक ऐक्यबद्धता मजबुत। | • शिक्षा पूर्वाधारको उपलब्धताः ५१ शैक्षिक संस्था (१२ माध्यमिक र ३९ आधारभूत), सबै वडामा कम्तीमा एउटा माध्यमिक विद्यालय।<br>• सबै वडामा स्वास्थ्य चौकी वा उपस्वास्थ्य केन्द्रहरू कार्यरत, स्वास्थ्यकर्मीहरूको उपलब्धता<br>• विभिन्न वडामा खेलमैदानको व्यवस्था, युवालाई लक्षित कार्यक्रम।<br>• समुदायमा लैङ्गिक सचेतना बृद्धिः महिला स्वामित्वमा व्यवसाय, सहकारीमा महिलाको सहभागिता वृद्धि<br>• मठमन्दिर, जात्रा र मौलिक संस्कृतिको संरक्षणले सामुदायिक ऐक्यबद्धता मजबुत। |

### ३.३.३. आर्थिक विकास क्षेत्र

| **सबल पक्ष** | **दुर्बल पक्ष** |
|---|---|
| • करिब ८३% जनसंख्या कृषि र पशुपालनमा संलग्न<br>• प्राकृतिक स्रोत साधनको उपलब्धताः प्रशस्त खेतीयोग्य जमिन (५,६९० हेक्टर), वन क्षेत्र र जलस्रोतहरू।<br>• पशुपालन र कृषि व्यवसायको विकासको थालनी : व्यवसायिक पशुपालन (गाई, बाख्रा, कुखुरा आदि) र नगदे बाली (कफी, अलैंची, सुन्तला)<br>• स्थानीय उद्योगहरूको विकासः स्थानीय स्तरमा चिया, डेरी, कफी, अलैंची जस्ता उद्योग सञ्चालन<br>• वित्तीय पहुँचः ३४ वटा वित्तीय संस्था (बैंक, लघुवित्त, सहकारी) सक्रिय | • ठूला उद्योगको अभाव, सीमित साना उद्योग ।<br>• सीमित सिंचाइ सुविधाः कुल खेतीयोग्य क्षेत्रमध्ये केवल २०.६८% मात्र सिंचित<br>• वैदेशिक रोजगारीमा निर्भरताः जनसंख्याको ठूलो हिस्सा (४१.५१% घरधुरी) बाट कम्तिमा एक जना वैदेशिक रोजगारीमा<br>• सीमित स्थानीय रोजगारी सिर्जना<br>• आपूर्ति व्यवस्था असहजः कृषिको लागि मलको नियमित आपूर्ति व्यवस्थित नभएको |

| अवसर | चुनौती |
|---|---|
| • कृषि व्यवसायीकरणको सम्भावनाःपरम्परागत खेतीलाई आधुनिक, व्यवसायिक खेतीमा रूपान्तरण।<br>• पर्यटन विकासको अवसरः धार्मिक , प्राकृतिक र कृषि पर्यटनको सम्भावना।<br>• स्थानीय उत्पादनको ब्रान्डिङ (कोदो, अदुवा र मसला बाली)<br>• सरकारी कार्यक्रमको उपयोगः प्रधानमन्त्री रोजगार कार्यक्रम, कृषि अनुदान कार्यक्रमहरू आदि। | • जनसंख्या पलायनः युवा पुस्ताको विदेश पलायनबाट कृषि श्रम अभाव हुने जोखिम।<br>• आर्थिक असमानताः कृषिबाहेक अन्य व्यवसायमा संलग्न घरधुरीको संख्या अत्यन्त न्यून (~१२%)।<br>• सिंचाइ र पूर्वाधारको अभावः कृषि उत्पादन बढाउन आवश्यक आधारभूत पूर्वाधारको कमि।<br>• कृषि प्रणालीमा जलवायु परिवर्तनको असर |

### ३.३.४. वन तथा वातावरण व्यवस्थापन क्षेत्र

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • प्राकृतिक स्रोतले सम्पन्नः कुल क्षेत्रफलको ६२.०२% वन क्षेत्रमा वर्गीकृत<br>• सक्रिय सामुदायिक वन व्यवस्थापनः ११० वटा सामुदायिक वनहरूमा उपभोक्ता समूहहरू वृक्षारोपण, आगलागी रोकथाम, काठ उपयोग इजाजत आदि कार्यमा संलग्न<br>• कबुलियती वनहरूमा सम्बन्धित निकायको अनुमतिमा अम्रिसोको व्यवसायिक खेति गरिएको जसले स्थानीय वासीको जीवनस्तर उकास गर्न केहि टेवा पुर्याएको | • वनमा आश्रितता उच्चः स्थानीय जनजीवन दाउरा, घाँस, काठ आदिमा अत्यधिक निर्भर रहेकोले वन दोहनको जोखिम बढेको<br>• नियन्त्रण तथा व्यवस्थापनको अभावमा वातावरणीय असन्तुलनको सम्भावना।<br>• वातावरणीय संरक्षणमा दीर्घकालीन दृष्टिकोण र आधुनिक उपकरणको कमी। |
| **अवसर** | **चुनौती** |
| • जैविक विविधता र प्राकृतिक सौन्दर्यलाई पर्या पर्यटनसँग जोड्न सकिने।<br>• सामुदायिक वन तथा वातावरणीय संरक्षणसँग सम्बन्धित रोजगार सिर्जना गर्न सकिने।<br>• विद्यालय तथा समुदायस्तरमा वातावरणीय शिक्षा प्रवर्द्धन गर्न सकिने। | • जैविक विविधता र प्राकृतिक सौन्दर्यलाई पर्या पर्यटनसँग जोड्न सकिने।<br>• सामुदायिक वन तथा वातावरणीय संरक्षणसँग सम्बन्धित रोजगार सिर्जना गर्न सकिने।<br>• विद्यालय तथा समुदायस्तरमा वातावरणीय शिक्षा प्रवर्द्धन गर्न सकिने। |

### ३.३.५. सुशासन तथा संस्थागत विकास क्षेत्र

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • कर्मचारी कार्य विवरण स्पष्ट — जिम्मेवारी निर्धारणले उत्तरदायित्व र पारदर्शिता बढाएको निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन — सङ्घीय | • तालिमको प्रभाव मूल्याङ्कन नदेखिएको — तालिम वा सेमिनारको प्रभावकारिता मापन गरिएको विवरण छैन। |

| | |
|---|---|
| मापदण्डमा आधारित मूल्याङ्कन प्रणाली कार्यान्वयनमा<br>• कार्य क्षमता विकासमा ध्यान — कर्मचारीहरूलाई विभिन्न तालिम र सेमिनारमा सहभागी गराउने अभ्यास<br>• शिष्टाचार, नैतिकता र अनुशासनमा जोड — कर्मचारीको आचरणलाई पनि मूल्याङ्कनको मापदण्डमा समावेश गरिएको | • समयपालना र उपस्थिति मात्रात्मक रूपमा नदिइएको — मूल्याङ्कनका सूचकहरू प्रस्ट भए पनि तिनीहरूको परिणाम/प्रभाव रिपोर्ट गरिएको छैन।<br>• स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने तालिमको अभाव |
| **अवसर** | **चुनौती** |
| • डिजिटल प्रविधिको प्रयोग — कार्य मूल्याङ्कन तथा सेवा प्रवाहमा प्रविधिको प्रयोग गरी अझ पारदर्शिता र प्रभावकारिता बढाउन सकिने सम्भावना।<br>• स्थानीय स्रोतबाट तालिम आयोजना — स्थानीय आवश्यकता अनुसार स्वयं तालिम सञ्चालन गरी प्रभावकारी जनशक्ति विकास गर्न सकिने।<br>• सङ्घीय तथा प्रदेश सरकारसँग सहकार्य — थप श्रोत र प्रविधिको पहुँचका लागि उच्च तहसँग सहकार्य विस्तार गर्न सकिने। | • प्रशिक्षणमा निरन्तरता तथा अनुगमनको कमी — तालिम लिएपछि त्यसको फलस्वरूप व्यवहारमा परिवर्तन नआउने जोखिम।<br>• कर्मचारी स्थानान्तरणको असर — तालिम प्राप्त कर्मचारीको स्थानान्तरणले संस्थागत ज्ञान निरन्तरता गुम्ने सम्भावना।<br>• वृत्ति विकासमा सीमित स्रोत — बजेट, जनशक्ति वा समय अभावले सबै कर्मचारीलाई अवसर नपुग्ने चुनौती। |

## ३.४. निर्देशक सिद्धान्तहरू

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपालको (सुखी नेपाली समृद्ध नेपाल) दीर्घकालीन सोच
- दीगो विकास लक्ष्य
- नेपाल सरकार तथा लुम्बिनी प्रदेशको आवधिक योजना
- गाउँपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था
- स्थानीय स्तरमा उपलब्ध स्रोत साधन
- स्थानीय सरकारको प्रतिबद्धता

## ३.५. प्रथम आवधिक योजनाको लक्ष्य र उद्देश्यको मूल्यांकन

गाउँपालिकाको आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्म अतिकम विकसित गाँउपालिकाबाट विकासशिल गाँउपालिकामा स्तरेन्नती गर्ने समष्टिगत लक्ष्य अनुरूप प्रथम आवधिक योजनाले तोकेको लक्ष्य प्राप्त भयो कि भएन भन्ने सन्दर्भमा गाउँपालिकाले विकासका लागि राखेका समष्टिगत उद्धेश्यहरू र सो को उपलब्धिहरू तल प्रस्तुत छ ।

### ३.५.१. प्रथम आवधिक योजनाका समष्टिगत उद्धेश्यहरू

- स्थानीयस्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर वृद्धि भई गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने ।
- स्थानीय विकास र शासनमा महिला, बालबालिका, दलित, युवा, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विपन्न क्षेत्र र वर्ग समुदायका व्यक्तिहरूको पहुँच अभिवृद्धि भई समन्यायिक विकास
- गाउँपालिकावासीको पूर्वाधार विकासका क्षेत्रमा पहुँच अभिवृद्धि भएको हुनेछ ।
- वन, वातावरण प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण, सम्वद्रधन र वितरण प्रणालीमा सुधार भई गाउँपालिकामा विपद व्यवस्थापन सम्बन्धी दिगो उपायहरू अवलम्वन गर्ने ।
- गाउँपालिकावासीलाई गुणस्तरीय, छिटो, छरितो, प्रभावकारी र पारदर्शी सार्वजनिक सेवा प्रदान गर्न सक्षम स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्ने ।

### ३.५.२. आर्थिक विकासका उपलब्धिहरू

**कृषि तथा पशुपालनमा प्रगति**

- 'एक वडा, दुई पकेट" कार्यक्रम मार्फत विभिन्न उत्पादन क्षेत्रहरूको पहिचान गरी विस्तार गरिएको छ ।
- उन्नत बीउबिजन, आधुनिक खेती प्रविधि, तथा बजार व्यवस्थापन सुधार गर्ने प्रयास भएको छ ।
- कृषिमा संलग्न युवाहरूलाई व्यवसायिक कृषि उद्यममा आकर्षित गर्न सहुलियत तथा अनुदानको व्यवस्था गरिएको छ ।

**चुनौतीहरू**

- उन्नत बीउबिजन तथा प्रविधिको अभाव ।
- बजार व्यवस्थापन र भण्डारण प्रणालीको कमजोर स्थिति ।
- व्यावसायिक कृषि तथा पशुपालनलाई संस्थागत रूप दिन अझै कठिनाइ ।

### ३.५.३. सामाजिक विकासका उपलब्धिहरू

**शिक्षा र स्वास्थ्यमा सुधार**

- स्थानीय विद्यालयहरूमा गुणस्तरीय शिक्षाका लागि नयाँ पाठ्यक्रम र पूर्वाधारको सुधार ।
- बृहत स्वास्थ्य सेवा सुधार योजना अन्तर्गत नयाँ स्वास्थ्य केन्द्र स्थापना, मातृ तथा नवजात सेवा विस्तार ।
- डिजिटल स्वास्थ्य सेवा र टेलिमेडिसिन सेवा सुरू गर्ने पहल ।

**चुनौतीहरू**

- केही दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको सीमित पहुँच।
- पर्याप्त चिकित्सक, औषधि र सुविधाको अभाव।

### ३.५.४.पूर्वाधार विकासका उपलब्धिहरू

**यातायात र सञ्चार सुधार**

- सडक स्तरोन्नति तथा विस्तार (गाउँका विभिन्न स्थानहरूमा मोटरबाटो पुऱ्याउने कार्य)।
- गाउँपालिका भित्र इन्टरनेट र मोबाइल नेटवर्कको पहुँच वृद्धिको प्रयास।
- वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि (सौर्य तथा जलविद्युत्)।

**चुनौतीहरू**

- यातायात सुविधाको अपुगता, जसले कृषि उत्पादनको बजार पहुँचमा असर गर्छ।
- ग्रामीण भेगमा इन्टरनेट पहुँच अझै सीमित।

### ३.५.५. वन, वातावरण तथा विपद व्यवस्थापनका उपलब्धिहरू

**वातावरणीय सन्तुलन र संरक्षणका उपायहरू**

- वन तथा जैविक विविधता बचाउन वृक्षारोपण कार्यक्रमहरू सञ्चालन।
- स्थानीय स्रोतहरूको दिगो उपयोगका लागि पर्यावरणमैत्री नीतिहरू लागू।
- गाउँभर फोहोर व्यवस्थापन प्रणाली सुधार, फोहोर पुनःप्रयोग तथा पुनर्चक्रणका प्रयास।
- प्राकृतिक स्रोत साधनको प्रभावकारी उपयोग तथा संरक्षणका लागि समुदाय-आधारित कार्यक्रम संचालन।

**चुनौतीहरू**

- वातावरणीय नियमहरूको प्रभावकारी कार्यान्वयनमा कठिनाइ।
- बढ्दो सहरीकरणले वातावरणीय प्रदूषणको जोखिम।

**विपद न्यूनीकरण र व्यवस्थापनका सुधारहरू**

- प्राकृतिक विपद् न्यूनीकरणका लागि जोखिम क्षेत्र पहिचान गरी बाढी नियन्त्रण, पहिरो रोकथामका उपायहरू अवलम्बन।
- विपद् प्रतिकार्य योजना अन्तर्गत स्थानीय समुदायलाई विपद् न्यूनीकरण तथा उद्धार तालिम।
- विपद् व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम तथा स्थानिय स्रोत परिचालन।
- जलस्रोत संरक्षण कार्यक्रम, भू-संरक्षणका लागि विशेष योजना।

**चुनौतीहरू**

- विपद् व्यवस्थापनका लागि प्रविधि तथा पूर्वाधार अभाव।
- तत्कालीन उद्धार तथा राहतका लागि आवश्यक स्रोत साधनको सीमितता।

### ३.५.६. स्थानीय शासन पद्धतिको सुधारका मुख्य उपलब्धिहरू

**प्रभावकारी सेवा प्रवाह र डिजिटल प्रणालीको विकास**

- गाउँपालिकाका सबै वडाहरूमा कम्प्युटर एकाउन्टिङ प्याकेज (Computer Accounting Package) लागू।

- गाउँपालिकाको वेबसाइट अद्यावधिक गर्दै सार्वजनिक सूचना पारदर्शी रूपमा प्रवाह गर्ने प्रणालीको विकास ।
- इ-गभर्नेन्स (E-Governance) प्रणाली लागू गर्ने पहल, जसले गर्दा नागरिकलाई सेवा प्रवाह थप प्रभावकारी हुनेछ।

**प्रशासनिक क्षमताको सुदृढीकरण**

- प्रत्येक वडामा सहायक कर्मचारीको व्यवस्था गरी सेवा प्रवाह सहज बनाउने।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुरूप सेवा प्रवाहको प्रक्रिया सरल र प्रभावकारी बनाउने।
- जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन।

**सेवा प्रवाहको सरलीकरण र पारदर्शिता**

- नागरिक वडापत्र (Citizen Charter) मार्फत सेवाहरूको स्पष्ट विवरण उपलब्ध गराउने।
- गाउँपालिका तथा वडास्तरीय सेवा केन्द्रहरूमा 'Help Desk' (सहायता कक्ष) स्थापना।
- सेवा प्रवाह प्रक्रियालाई सरलीकरण गर्दै अनलाइन प्रणालीको प्रयोग।

**सेवा प्रवाहका क्षेत्रमा प्रमुख चुनौतीहरू**

**सूचना प्रविधिमा सीमितता**

- ई-गभर्नेन्स प्रणाली प्रभावकारी बनाउन आवश्यक प्रविधि, जनशक्ति, र पूर्वाधारको कमी।
- इन्टरनेट पहुँच नभएका स्थानहरूमा डिजिटल सेवा प्रवाहमा कठिनाइ।

**कर्मचारी व्यवस्थापन र स्रोत अभाव**

- दक्ष जनशक्ति अभावका कारण प्रशासनिक सेवा प्रवाहमा ढिलाइ।
- कर्मचारीको प्रशिक्षण तथा क्षमता अभिवृद्धिका लागि स्रोतको सीमितता।

**जनचेतना र नागरिक सहभागिता अभाव**

- नागरिकहरूलाई सार्वजनिक सेवा तथा उनीहरूको अधिकारबारे पूर्ण जानकारी नभएको।
- सेवा प्रवाहमा नागरिक सहभागिता सुनिश्चित गर्ने रणनीतिको आवश्यकताको महत्त्व।

## ३.६. निस्दी गाउँपालिकाको दीर्घकालीन सोच

नेपालको राष्ट्रिय दीर्घकालीन सोच तथा लक्ष्य र लुम्बिनी प्रदेशको दोश्रो आवधिक योजनाले तय गरेको दीर्घकालीन सोच "सम्बृद्ध प्रदेश, खुशी जनता" र सोच हासिल गर्नका लागि निर्धारण गरिएको लक्ष्य "समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक बृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताका जीवनस्तरमा गुणात्मक परिर्वतन ल्याउने" लाई आत्मसाथ गर्दै निस्दी गाउँपालिकाको समग्र विकासका लागि दीर्घकालीन सोच निर्धारण गरिएको छ । उक्त सोच र लक्ष्य लाई आत्मासाथ गर्दै गाउँपालिकाको स्रोत साधन, आवश्यकता, संभावना र अवसरहरूको आधारमा निस्दी गाउँपालिकाको प्रथम आवधिक योजनामा तल उल्लेखित दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

***"शिक्षा, स्वास्थ्य र रोजगार र पर्यटन सहितको पूर्वाधार***

***प्रकृति र मगर संस्कृति निस्दीको आधार "***

सहभागितात्मक विधिबाट तय गरिएको यस दीर्घकालीन सोचले गाउँपालिका भित्र शिक्षामा गुणस्तरीयता तथा स्वास्थ्यको आधुनिकीकरण, क्षेत्रगत आधारमा गाँउपालिका भित्रै पर्याप्त रूपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जनाका साथै पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरूको विकासद्वारा विद्यमान प्रकृति उपयोग र मगर संस्कृतिको उत्थान तथा विकासका माध्यमबाट आत्मनिर्भर गाँउपालिका निर्माण गर्न दीर्घकालीन गन्तव्यका रूपमा परिकल्पना गरिएको थियो । २०८२ जेष्ठ ११ गते आयोजना भएको योजना तर्जुमा गोष्ठीले दोस्रो आवधिक योजनामा पनि सोहि दीर्घकालिन सोचको नारालाई निरन्तरता दिने सर्वसम्मति भएको छ ।

### ३.७.आवधिक योजनाको समष्टिगत लक्ष्य

दीगो पूर्वाधारको विकास, उद्यमशीलता विकास तथा गुणस्तरीय सेवा प्रवाह मार्फत सुशासनको प्रत्याभूती सहितको समृद्ध निस्दीको आधारशिला निर्माण भएको हुने ।

### ३.८. आवधिक योजनाको उद्देश्य

- गुणस्तरीय सार्वजनिक पूर्वाधारको विकास गरी आधारभूत पूर्वाधारयुक्त गाउँपालिका बनाउनु
- स्थानीय स्रोत साधनको दीगो उपयोग र प्रभावकारी व्यवस्थापन मार्फत कृषि, पशु तथा पर्यटन क्षेत्रको उत्पादकत्व वृद्धि गर्दै उद्यमशिलता र रोजगारीका अवसरहरू सृजना गर्नु ।
- शिक्षा तथा स्वास्थ्य, खानेपानी जस्ता सेवालाई गुणस्तरीय र व्यवहारिक बनाउँदै सबै वर्ग एवं समुदायको सहज पहुँच सुनिश्चित गर्नु।
- समावेशी तथा समतामूलक समाज निर्माण गर्दै स्थानीयले सुशासनको अनुभूति दिलाउनु ।

### ३.९. आवधिक योजनाको रणनीति

माथि उल्लेखित दीर्घकालीन सोच, लक्ष्य, तथा उद्देश्य प्राप्त गर्नका लागि देहायका रणनीति अबलम्बन गरिनेछ ।

१. कृषि तथा पशुपालनलाई आधुनिकीकरण र व्यावसायिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
२. स्थानीय स्रोत साधनको उच्चतम सदुपयोग गरि साना तथा घरेलु उद्यमको विकास मार्फत रोजगारीको सिर्जना गरिने ।
३. सर्वसुलभ तथा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुबिधाको पहुँच विस्तार गरिने ।
४. दीगो, वातावरणमैत्री तथा गुणस्तरीय भौतिक पूर्वाधारको विकास तथा विस्तार गरिने ।
५. गाउँपालिकाको चौतर्फी विकासका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहकार्यमा जोड दिईने ।

६. प्राकृतिक स्रोतको उचित परिचालन गरि स्थानीयमा लाभको वितरण गरिने ।

७. प्रविधिमैत्री सार्वजनिक प्रशासन मार्फत जवाफदेहिता, पारदर्शिता र परिणाममुखी शासन व्यवस्था सञ्चालनमा जोड दिईने ।

## ३.१०. प्रमुख प्राथमिकता

- कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण
- पर्यटन विकास
- दीगो र गुणस्तरीय पूर्वाधार
- गुणस्तरीय पहुँच योग्य सार्वजनिक सेवा प्रवाह
- सामाजिक समावेशीकण
- स्थानीय स्रोत साधनको उच्चतम सदुपयोग

## ३.११. गाउँपालिकाका गौरबका आयोजनाहरू

| **क्र.सं** | **योजना तथा कार्यक्रम** | **ईकाई** | **लक्ष्य** | **कुल लागत रु. हजारमा** |
|---|---|---|---|---|
| १ | सुचना प्रविधिमैत्री एक वडा एक आवासीय विद्धालय | संख्या | ७ | १०५००० |
| २ | बेलडाडा मित्याल आरूङखोला मोटरबाटो (NH६८) | कि.मि. | २७ | ५००००० |
| ३ | केम खाम्चा पर्यटकीय मार्ग | कि.मि | ४३.६४ | १५६००० |
| ४ | विशेषज्ञ सेवा सहितको सुविधायुक्त अस्पताल संचालन | संख्या | १ | ६०००० |
| ५ | एकीकृत कृषि कार्यक्रम (अदुवा तथा अन्य सम्भावित बाली) | संभावित वडा | १ | २००० |
| ६ | काउले डाँडा पर्या सैन्दर्यकरण र पदर्मार्ग विकास | | १ | ५००० |
| | **जम्मा लागत** | | | **८२८०००** |

## ३.१२. परिमाणात्मक लक्ष्य

### १. समष्टिगत क्षेत्र

| क्र.सं | सूचक | एकाई | आधार वर्ष (आ.व. २०८०/८१) | | | योजना अवधिको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय स्तर | प्रदेश स्तर | निस्दी गा.पा | |
| १ | निरपेक्ष गरिबी | प्रतिशत | २०.२७ | २४.३५ | | |
| २ | प्रतिव्यक्ति वार्षिक आय | रूपैयाँ | १४०५ | ११२६ | | |
| ३ | आफ्नो उत्पादन र आम्दानीले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | | | | |
| ४ | न्यूनतम भौतिक पूर्वाधार (खानेपानी, विजुली, यातायात) सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | विजुली ९३.७ | विजुली ९२.२ | | |
| ५ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७२.५ | ७३.४ | | |
| ६ | अपेक्षित आयु | वर्ष | ७०.४८ | ६८.८४ | | |
| ७ | वेरोजगारी दर (आर्थिक रूपमा सक्रिय जनसंख्या १५ देखि ६० वर्ष उमेरको आधारमा) | प्रतिशत | ११.४ | ८.१ | | |
| ८ | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | | | | |

| क्र. सं | सूचक | एकाई | आधार वर्ष (आ.व. २०८०/८१) | | | योजना अवधिको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय स्तर | प्रदेश स्तर | निस्दी गा.पा | |
| ९ | आयात–निर्यातको वार्षिक औषत अनुपात | अनुपात | | | | |
| १० | आधारभूत तहको खुद भर्नादर | प्रतिशत | ९४.४ | ९५.२ | ९६.१ | १०० |
| ११ | ५ वर्ष मुनीको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | २७.५ | ४१ | | |
| १२ | मातृमुत्यु दर (प्रत्येक १ लाख जीवित जन्ममा) | संख्या | | | | |
| १३ | बाह्रै महिना यातायात नियमित रूपमा सुचारु हुने सडक लम्वाई | कि.मि | | | १०० | २०० |
| १४ | वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ४५.३१ | ४८.८ | ६२.५१ | ६५.०० |
| १५ | विकास तथा पूँजीगत क्षेत्रमा लगानी | प्रतिशत | | | | |
| १६ | पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राहीहरू | प्रतिशत | | | | |

# परिच्छेद ४: आर्थिक विकास क्षेत्र

## ४.१. कृषि तथा पशुपालन

### ४.१.१. पृष्ठभूमि

यस गाउँपालिकामा धेरैजसो कृषकहरूले परम्परागत रूपमा खाद्यान्न बाली र नगदे बाली लगाउँदै आइरहेका छन्। कुल १९,४५१.४५ हेक्टर क्षेत्रफल रहेको निस्दी गाउँपालिकामा ५,६९०.९५ हेक्टर क्षेत्र (२९.२६%) कृषि क्षेत्रमा वर्गीकरण गरिएको छ (भूउपयोग क्षेत्र वर्गीकरण तथा योजना, २०८१)। त्यसैगरी, अधिकांश (८३.०४%) जनसङ्ख्या कृषि पेशामा (राष्ट्रिय जनगणना, २०७८) संलग्न रहेको पाइन्छ। पालिकामा जम्मा ३,८९७ कृषक परिवार छन भने, जम्मा २,६०२.० हेक्टर क्षेत्रफलमा खेति गरिएको छ। पालिकामा कृषक परिवारले चलन गरेको जम्मा क्षेत्रफल मध्ये १,७९०.० हेक्टरमा अस्थायी बाली लागेको, १८०.६ हेक्टरमा स्थाई बाली लागेको, २९२.२ हेक्टर अन्य खेति गरेको जग्गा र ३३९.३ हेक्टर जग्गा निजि वन, चरण, पोखरी रहेको छ। पालिकामा कृषक परिवारले चलन गरेको कृषि जग्गाको ५३८.१ हेक्टर (२०.६८% ) जग्गा मात्र सिंचित छ (राष्ट्रिय कृषि जनगणना, २०७८)।

आ.व. २०८१/८२ मा १ वडा १ पकेट क्षेत्र कार्यक्रम अन्तर्गत निस्दी १ बाकामलाङ क्षेत्रलाई कागती र सुन्तला, वडा २ सहलकोटमा तरकारी, वडा ३ झिरुबासमा अम्रिसो, वडा ४ मित्यालमा आँप र लिची, वडा ५ गल्धामा सुन्तला, वडा ६ अर्चलेमा तेजपात र वडा ७ ज्यामिरेमा तेजपात र कफीको पकेट क्षेत्र निर्धारण गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने योजना रहेको छ।

पालिकामा कृषिको सहायक पेशाको रूपमा अधिकांशले पशुपालन गर्ने गरेका छन्। पालिकामा कुल ३,८९७ कृषक मध्ये ३,७३६ कृषकले पशु चौपाया पाल्ने गरेका छन्। पशु चौपयामा प्रायः गाई/गोरु, राँगा/भैंसी, बाख्रा, सुँगुर/बंगुर र कुखुरा पाल्ने गरिएको छ (राष्ट्रिय कृषि जनगणना, २०७८)।

### ४.१.२. समस्या तथा चुनौती

निर्वाहमुखि खेति प्रणाली, कृषकमा सामान्य प्राविधिक ज्ञान सिपको कमि, उपयुक्त माटोको गुणस्तरमा कमि, कृषिका लागि आवश्यक उन्नत जातको बिउ तथा रासायनिक मल समयमै तथा पर्याप्त नपाइने तथा यस सम्बन्धि ज्ञानको अभाव, कृषि उत्पादनको ढुवानी तथा बजारिकरणमा समस्या, कृषि सडक नभएको, सामुहिक वा सहकारी कृषि/ पशुपालनको सोच विकास हुन नसकेको, व्यवसायिक पशुपालन त्यति अघि बढ्न नसकेको, सिँचाईको सुविधा व्यवस्थित र प्रयाप्त नहुनु यस क्षेत्रको प्रमुख समस्या हुन् । माटो परीक्षणका आधारमा माटो सुहाउदो खेति गर्नु, जलवायु परिवर्तनको नकारात्मक असर, आधुनिक खेती प्रणाली, प्रविधि तथा ज्ञानको विकास गर्नु, कृषि तथा पशुपालनमा आधुनिक प्रविधि भित्र्याई व्यवसायिक रूपमा विकास गर्नु, गुणस्तरीय नश्लको उत्पादन गर्नु, रैथाने कृषि बालिको बिउ संरक्षण तथा प्रवर्द्धन गर्नु, जंगली जनावरलाई नियन्त्रण गर्नु यस क्षेत्रका चुनौतिहरू हुन् ।

### ४.१.३. संभावना तथा अवसर

कृषि उत्पादन तथा पशुपालनका लागि उपयुक्त हवापानी भएको, जनशक्तिको उपलब्धता, अधिकांश स्थानीय कृषि पेशामा संग्लग्न रहेको, कृषि समुह र सहकारी रहेको सामुहिक तथा सहकारी कृषिको सम्भावना, पशुजन्य उत्पादनलाई व्यवसायिक गर्न सक्ने सम्भावना, व्यवसायिक फलफुल तथा नगदेबाली बाट आम्दानी गर्न सकिने, जैविक खेतिको सम्भावना, प्रोत्साहनका कार्यक्रम मार्फत युवालाई संलग्न गराउने, गाउँपालिकाले कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको यस क्षेत्रका सम्भावना तथा अवसर हुन् ।

### ४.१.४. कृषि विकास योजना

#### ४.१.४.१. लक्ष्य

निर्वाहमुखी कृषि प्रणालीलाई आत्मनिर्भर बनाई कृषिको आधुनिकीकरण, यान्त्रिकरण मार्फत व्यवसाय उन्मुख बनाउने ।

#### ४.१.४.२. उद्देश्य

१. कृषिक्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण एवं व्यवसायीकरणमा जोड दिने।
२. कृषि क्षेत्रको विशिष्टिकरण तथा बजारीकरण मार्फत व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नु ।
३. कृषि क्षेत्रको विकासका लागि आवश्यक संस्थागत सुधार तथा पुर्वाधार विकास गर्नु ।

#### ४.१.४.३. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः कृषिक्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण एवं व्यवसायीकरणमा जोड दिने। । | |
| १.१ कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषिको उत्पादन एवं उत्पादकत्व वृद्धिमा जोड दिने । | १.१.१ कृषिका लागि आधुनिक प्रविधि भित्र्याउन सहजीकरण गरिनेछ ।<br>१.१.२ आधुनिक तथा व्यवसायिक पशुपालनलाई प्रोत्साहन गरिनेछ ।<br>१.१.३ कृषि क्षेत्रबाट कृषकलाई अधिक लाभान्वित गराउन पालिकाबाट निर्यात हुने प्रमुख कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ । |
| १.२ भूमिको वैज्ञानिक प्रयोगका आधारमा कृषिमा अनुदान दिने । | १.२.१ भूउपयोग ऐन २०७६ का आधारमा भूमिको कृषि क्षेत्रमा अनुदान केन्द्रित गरिनेछ ।<br>१.२.२ भूमि बैंकको अवधारणा लागु गरि व्यवसायिक कृषिका लागि जमिन उपलब्ध गराईनेछ ।<br>१.२.३ कृषकहरूको सूचीकरण तथा वर्गीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य २ : कृषि क्षेत्रको विशिष्टिकरण तथा बजारीकरण मार्फत व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नु। | |
| २.१ प्रतिष्पर्धी क्षमता भएका कृषि उपजको उत्पादन वृद्धि गरि व्यवसायीकरण गर्ने । | २.१.१ कृषि मैत्री कानुन निर्माण गरिनेछ ।<br>२.१.२ स्थानीयलाई व्यवसायिक कृषिमा आकर्षण गर्न बिभिन्न उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्रको पहिचान गरि सघन कृषि क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।<br>२.१.३ माटो परिक्षणका आधारमा प्रत्यक वडालाई विशेष कृषि उत्पादनमा जोड दिने एक वडा एक/दुई उत्पादन कार्यक्रम संचालन गरिनेछ ।<br>२.१.४ कृषिका लागि आवश्यक मल विउको समयमै पर्याप्त उपलब्धता सुनिश्चित गरिनेछ ।<br>२.१.५ रैथाने बालीको बीउ संरक्षण, तथा प्रांगारिक खेति विस्तार तथा बजारीकरण गरिनेछ ।<br>२.१.६ स्थानीय कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा प्रवर्द्धन मार्फत कृषि पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गरिनेछ ।<br>२.१.७ कृषकको क्षमता विकास गरिनेछ । |
| २.२ कृषि क्षेत्रको विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको सहभागिता अभिवृद्धि गरि निर्यात प्रवर्द्धन गर्ने । | २.२.१ सामूहिक तथा सहकारी कृषि तथा पशुपालनका लागि सहुलियत ब्याज दरमा ऋणका लागि पहल गरिनेछ ।<br>२.२.२ बैंक तथा वित्तीय संस्थालाई निश्चित प्रतिशत रकम यस क्षेत्रमा लगानी गर्नुपर्ने नीतिगत व्यवस्था गरिनेछ ।<br>२.२.३ कृषि क्षेत्रको विकासका लागि कार्य गर्ने बिभिन्न गैरसरकारी संस्थासँग सहकार्य गरिनेछ । |
| २.३ कृषक समूह तथा सहकारीहको गठन तथा सशक्तिकरण गर्ने । | २.३.१ कृषकलाई समूह र सहकारीमा संगठित गरिनेछ ।<br>२.३.२ कृषकहरूलाई सामूहिक रूपमा उत्पादन, भण्डारण, प्रशोधन र बिक्री गर्न सहयोग गरिनेछ ।<br>२.३.३ सहकारी मार्फत सिधा बजार पहुँच गरिनेछ । |
| २.४ बजार सूचना प्रणाली विकासका साथै प्रशोधन र प्याकेजिडमा जोड दिने | २.४.१ स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय बजार मूल्य साथै माग आपूर्तिको जानकारी सुचना तथा प्रविधि मार्फत गराईनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४.२ कृषि उत्पादनको प्राथमिक प्रशोधन प्रणालीको विकास गरिनेछ । |
| उद्देश्य ३: कृषि क्षेत्रको विकासका लागि आवश्यक संस्थागत तथा पूर्वाधार विकास गर्नु । | |
| ३.१ संस्थागत व्यवस्था गर्ने । | ३.१.१ कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रको विस्तार गरिनेछ । |
| ३.२ कृषि भूमिमा सिँचाईको व्यवस्था गर्ने । | ३.२.१. सम्भावित स्रोतबाट सिँचाईको व्यवस्था गरिनेछ ।<br>३.२.२ सिँचाई पुर्याउन नसकिने स्थानमा बैकल्पिक सिँचाईको व्यवस्था गरिनेछ । |
| ३.३ कृषि तथा पशुपालनका लागि आवश्यक पूर्वाधार विकास गर्ने । | ३.३.१ कृषि संकलन केन्द्र, चिस्यान केन्द्र स्थापना गरिनेछ ।<br>३.३.२ दुग्ध संकलन तथा प्रशोधन केन्द्र स्थापना गरिनेछ । |

### ४.१.४.४. योजना तथा कार्यक्रम

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | सामुहिक थ्रेसर मेसिन खरिदमा अनुदान | संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | गा.पा. , प्रदेश, निजि क्षेत्र | गा.पा., निजि क्षेत्र | गा.पा. |
| २ | पशु एम्बुलेन्स संचालन | संख्या | १ | | ४००० | ३०० | ३०० | ३०० | ४९०० | संघ, प्रदेश | गा.पा, कृषि सहकारी | गा.पा. |
| ३ | व्यवसायिक भेडा, बाख्रा पालनका लागि थुमा, बोका भित्र्याउने | संख्या | २० | ३२० | ३२० | ३५० | ३५० | ३५० | १६९० | संघ, प्रदेश, गा.पा. | कृषि सहकारी, कृषक समुह | गा.पा. |
| ४ | व्यवसायिक गाई र भैसी पालनका लागि उन्नत | संख्या | ६ | | ५०० | ५०० | ५०० | | १५०० | संघ, प्रदेश, गा.पा. | कृषि सहकारी, कृषक समुह | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | जातका साँढे र राँगा भित्र्याउने | | | | | | | | | | | |
| ५ | रेन्बोट्राउट माछा पालन प्रवर्द्धन | संख्या | ३ | | २०० | २०० | २०० | | ६०० | संघ, प्रदेश, गा.पा. | कृषि सहकारी, कृषक समुह | गा.पा. |
| ६ | गोठ – खोर सुधार कार्यक्रम | संख्या | ५ | ५०० | ५२५ | ५५० | ५७५ | ६०० | २७५० | गा.पा., निजि क्षेत्र | गा.पा., निजि क्षेत्र | गा.पा. |
| ७ | पशु स्वास्थ्य शिविर संचालन | पटक | ५ | १२५ | १२५ | १२५ | १२५ | १२५ | ६२५ | संघ, गा.पा. | गा.पा., निजि क्षेत्र | गा.पा |
| ८ | भूमि बैंकको स्थापना तथा संचालन | संख्या | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा. | गा.पा, कृषि सहकारी | गा.पा |
| ९ | कृषक सुचिकरण अध्यावधिक तथा | पटक | ५ | २०० | २०० | ५०० | १०० | १०० | ११०० | संघ | गा.पा | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | तथ्यांक व्यवस्थापन | | | | | | | | | | | |
| १० | कृषि तथा पशुपालन सम्बन्धि कानुन निर्माण गर्ने | संख्या | ३ | १०० | १५० | | | | २५० | गा.पा | गा.पा | गा.पा |
| ११ | कृषि पकेट क्षेत्र पहिचान तथा विकास (तरकारी, फलफुल,दलहन, तेलहन आदि) | स्थान | २२ | ८०० | १००० | १५०० | १५०० | १८०० | ६६०० | गा.पा., निजि क्षेत्र | गा.पा., कृषक समुह | गा.पा |
| १२ | अदुवा पकेट क्षेत्र विकास कार्यक्रम | स्थान | ६ | ५०० | ५०० | ३०० | ३०० | ३०० | १९०० | संघ, गा.पा. | गा.पा. | गा.पा |
| १३ | बाँझो जग्गामा खेती, करार खेती | स्थान | २ | ५०० | १५०० | | | १५०० | ३५०० | संघ, प्रदेश | गा.पा. | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | एवं चक्लाबन्दी खेती प्रोत्साहन | | | | | | | | | | | |
| १४ | मौरी पालनको पकेट क्षेत्र संचालनमा निरन्तरा | स्थान | ३ | | | ३५० | ३५० | ४०० | ११०० | गा.पा. निजि क्षेत्र, गैसस | निजि क्षेत्र, गैसस | गा.पा |
| १५ | माटो परिक्षण शिविर संचालन | पटक | ५ | २०० | २०० | २२५ | २२५ | २२५ | १०७५ | संघ, गा.पा. | गा.पा. | गा.पा |
| १६ | एक वडा एक/ उत्पादन कार्यक्रम | स्थान | ७ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | प्रदेश, गा.पा. | गा.पा., कृषक समुह | गा.पा |
| १७ | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | स्थान | ७ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | प्रदेश, गैसस, गा.पा. | गा.पा, कृषक समुह | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १८ | उन्नत जातको गुणस्तरीय बिउ बिजन कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | प्रदेश, गैसस, गा.पा. | गा.पा, कृषक समुह | गा.पा |
| १९ | कृषि तथा पशुपालनका लागि आवश्यक औषधि, बिउ बिजन, उपकरण वितरणमा सहज ल्याउन भेटेनरी संचालन सहयोग | संख्या | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | संघ, गा.पा. गैसस | गा.पा., निजि क्षेत्र | गा.पा |
| २० | कृषि बाली लाग्ने रोग नियन्त्रण कार्यक्रम | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | संघ, प्रदेश | गा.पा. | गा.पा. |
| २१ | रैथाने विउ संरक्षणका लागि | संख्या | १ | २० | ५० | १०० | १०० | १०० | ३७० | गैसस | गा.पा, गैसस | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | बिउ बैंकको स्थापना | | | | | | | | | | | |
| २२ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | स्थान | ११ | १०० | १०० | १०० | १०० | १०० | ५०० | गा.पा., गैसस, समुदाय | समुदाय | गा.पा |
| २३ | कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण कार्यक्रम | | ३५ | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५०० | गा.पा., गैसस | गा.पा | गा.पा |
| २४ | उत्पादनका आधारमा उत्कृष्ट कृषक सम्मान कार्यक्रम | संख्या | १० | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा., निजि क्षेत्र | गा.पा., निजि क्षेत्र | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| २५ | किसानलाई न्युनतम प्राविधिक ज्ञान दिन प्राविधिक तालिम संचालन (कृषि तथा पशुपालन सम्बन्धि) | पटक | ५ | १०० | १५० | २०० | २५० | ३०० | १००० | गा.पा., सहकारी | गा.पा., , सहकारी, निजि क्षेत्र | गा.पा |
| २६ | सामुहिक खेतीका लागि सहुलिय व्याजदरमा ऋण दिन वित्तीय संस्था संग सहजीकरण गर्ने | पटक | ५ | २० | २० | २० | २० | २० | १०० | गा.पा., वित्तीय संस्था | गा.पा., वित्तीय संस्था, निजि क्षेत्र | गा.पा |
| २७ | कृषि वीमा अनुदान | एकमुष्ट | | | १००० | १००० | १००० | १००० | ४००० | संघ, गा.पा. | गा.पा, कृषक | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| २८ | कृषि क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि विभिन्न गैससंग सहकार्य तथा समन्वय | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा., गैसस | गैसस | गा.पा |
| २९ | कृषि तथा पशु सेवा केन्द्र स्थापना | संख्या | ४ | १००० | १००० | १००० | १००० | १००० | ५००० | संघ, प्रदेश गा.पा. | गा.पा. | गा.पा |
| ३० | मोबाईल पशु तथा कृषिको प्राविधिक सहजकर्ताको व्यवस्था गर्ने | जना | २ | ५२० | ५२० | ५२० | ५२० | ५२० | २६०० | गा.पा. | गा.पा., समुदाय | गा.पा |
| ३१ | उत्पादित क्षेत्रमा संकलन केन्द्र स्थापना गरी | स्थान | १ | | १०००० | १०००० | ५००० | ३००० | २८००० | संघ, प्रदेश, गा.पा., | गा.पा., समुदाय | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | न्युनतम समर्धन मुल्य कायम गर्ने | | | | | | | | | निजि क्षेत्र | | |
| ३२ | कृषि संकलन केन्द्र स्थापना | संख्या | ४ | ७५ | १०० | १०० | १०० | | ३७५ | संघ, प्रदेश, गा.पा., निजि क्षेत्र | गा.पा., समुदाय | गा.पा |
| ३३ | दुध संकलन तथा प्रशोधन केन्द्र संचालन | संख्या | २ | | ५५० | ६०० | ४००० | | ५१५० | संघ, प्रदेश, गा.पा., निजि क्षेत्र | गा.पा., समुदाय | गा.पा |
| ३४ | कृषि तथा पशुहाट निर्माण तथा संचालन | स्थान | २ | | ५०० | २०० | | | ७०० | प्रदेश, गा.पा., समुदाय | गा.पा., समुदाय | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ३५ | चरण क्षेत्रको सुधार कार्यक्रम | ५ | २ | ३०० | ३०० | १०० | १०० | १०० | ९०० | गा.पा., समुदाय | गा.पा., समुदाय | गा.पा |
| ३६ | घाँस खेति पकेट विकास | ५ | | १५० | २०० | २२५ | २५० | २७५ | ११०० | गा.पा., समुदाय | गा.पा., समुदाय | गा.पा |
| ३७ | छोरी या छोराको जन्म फलफुल रोपौं उसैको नाममा नारालाइ प्रचार प्रसार तथा कार्यान्व्यन गर्ने | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | गा.पा., समुदाय | गा.पा., समुदाय | गा.पा |
| | **जम्मा बजेट** | | | **९५३०** | **२७७१०** | **२३०६५** | **२०९६५** | **१६११५** | **९७३८५** | | | |

### ४.१.४.५. सूचक तथा नतिजा खाका

| **सुचकहरू** | **ईकाई** | **आधार वर्ष** | **लक्ष्य** | | | | | **सुचनाको स्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| प्रभाव | | | | | | | | | |
| कृषिको उत्पादन वार्षिक वृद्धिदर | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | कृषि प्रोत्साहनका कार्यक्रम प्रभावकारी हुने, कृषिमा व्यवसायिकता विकास हुने |
| कृषक परिवार मध्ये व्यवसायिक रूपमा खेती गर्ने परिवार | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन | |
| असर | | | | | | | | | |
| कृषियोग्य भूमि मध्ये कृषि कार्यका लागि चलन भएको क्षेत्रफल | प्रतिशत | २६०२ हे. | | | | | | वार्षिक प्रतिवेदन | कृषि प्रोत्साहनका कार्यक्रम प्रभावकारी हुने, कृषिमा |
| आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ४८.५५* | ५० | ५२ | ५४ | ५६ | ६० | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| जम्मा कृषकमध्ये कृषि कार्य सम्बन्धी निर्यातमा सहभागिता जनाउने कृषक | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन | व्यवसायिकता विकास हुने |
| प्रतिफल | | | | | | | | | |
| पूर्ण रूपमा (१००%) कृषि कार्यमा संलग्न कृषक | संख्या | ३८९७* | ३९२५ | ३९५० | ४००० | ४०५० | ४२०० | वार्षिक प्रतिवेदन | कृषिमा व्यवसायिकताको विकास हुने |
| औपचारिक कृषि तालिम लिएका कृषक परिवारको जनसंख्या | प्रतिशत | १८.९४* | २५ | ३० | ३५ | ४१ | ४७ | वार्षिक प्रतिवेदन | |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| व्यवसायिक कृषि नर्सरी | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| उन्नत विउ, रासायनिक मल किटनाशक औषधि आदि प्रयोग गर्ने कृषक परिवार | प्रतिशत | १८० | | | | | | वार्षिक प्रतिवेदन | |
| कृषि विमा गरेका कृषक परिवार | संख्या | ३६०* | ३९० | ४२५ | ४६० | ५०० | ५५० | वार्षिक प्रतिवेदन | कृषि विमा तथा अनुदानमा किसानको पहुँच बढेको हुने |
| कृषिमा सरकारी अनुदान प्राप्त कृषक परिवार | संख्या | ३१२* | ३६० | ४०५ | ४५० | ५०० | ५६० | वार्षिक प्रतिवेदन | |
| कृषिमा स्थाई रूपमा कामदारको रूपमा काम गर्ने व्यक्ति | संख्या | ० | | | | | | वार्षिक प्रतिवेदन | कृषि सम्मानित पेशाको रूपमा विकास हुने |
| कृषिमा अस्थायी रूपमा कामदारको रूपमा काम गर्ने व्यक्ति | संख्या | १४६६* | १४९० | १५१० | १५३० | १५५० | १६०० | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| कृषि बालीमा रोग लागेर भएको क्षेती न्यूनीकरण | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन | |
| संचालनमा रहेको कृषिवजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | कृषि क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था हुने |
| संचालनमा रहेको कृषि पकेट | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| आधुनिक कृषि उपकरण प्रयोग गर्ने कृषक परिवार बढ्ने | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन | |
| कृषि एम्बुलेन्स संचालन | संख्या | ० | ० | १ | ० | ० | १ | वार्षिक प्रतिवेदन | |
| खाद्यान्न बाली उत्पादन क्षेत्र | हेक्टर | १८८४.७ | १८९५ | १९१० | १९३० | १९४० | १९५० | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १२०.२* | १२३ | १२५ | १२७ | १३० | १३५ | वार्षिक प्रतिवेदन | आधुमिक प्रविधिको उपयोग बढ्ने, कृषि प्रवर्द्धन कार्यक्रम प्रभावकारी हुने |
| कन्दमूल बाली क्षेत्र | हेक्टर | १५५.४* | १५७ | १५९ | १६१ | १६३ | १६५ | वार्षिक प्रतिवेदन | |
| कोसे/दाल बाली क्षेत्र | हेक्टर | ३७५.५* | ३८० | ३८६ | ३९४ | ४०२ | ४१० | वार्षिक प्रतिवेदन | |
| तेल बाली क्षेत्र | हेक्टर | ६४.५* | ६८ | ७५ | ८० | ९० | १०० | वार्षिक प्रतिवेदन | |
| फलफुल खेति गरिएको क्षेत्र | हेक्टर | | | | | | | वार्षिक प्रतिवेदन | |
| कृषि ऋण लिएका कृषक परिवार | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| धान उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| मकै उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |
| गहुँ उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |
| कोदो उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |
| तरकारी उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |
| फलफुल उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |
| आलु खेतीवाट वार्षिक उत्पादन | मे.ट | | | | | | | वार्षिक प्रतिवेदन | |
| सक्रिय कृषक समुह | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | संस्थागत सक्रियता हुने |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| क्रियाशील कृषि सहकारी | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| कृषि संकलन केन्द्र | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | कृषि क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था हुने |
| कृषि कृषि चिस्यान केन्द्र | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| दुग्ध संकलन तथा प्रशोधन केन्द्र | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| माटो परिक्षण शिविरबाट लाभान्वित कृषक | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन | |
| पशुपालनमा संलग्न कृषक | संख्या | ३७३६* | ३७५० | ३७७० | ३७९० | ३८२० | ३८५० | वार्षिक प्रतिवेदन | पशुपालनमा व्यवसायिकता विकास हुने, |
| दुध उत्पादन | लि. | | | | | | | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| मासु उत्पादन | मे. ट. | | | | | | | वार्षिक प्रतिवेदन | पशुपालन सम्बन्धि कार्यक्रम प्रभावकारी हुने |
| व्यवसायिक पशुपालन फर्म | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| पशु सेवा केन्द्र थप | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | पर्याप्त बजेटको व्यवस्था हुने, पशुपालन प्रवर्द्धन कार्यक्रम प्रभावकारी हुने |
| क्रियाशील ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| पशुसेवा केन्द्र थप | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| घाँस खेति पकेट क्षेत्र | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| पशु तथा कृषि हाट | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |

| **सुचकहरू** | **ईकाई** | **आधार वर्ष** | **लक्ष्य** | | | | | **सुचनाको स्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ | | |
| मौरी पालन पकेट | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | मौरी पालन प्रवर्द्धन कार्यक्रम प्रभावकारी हुने |

**कृषि गणना २०७८ को नतिजालाई आधार लिईएको*

## ४.२. पर्यटन

### ४.२.१. पृष्ठभूमि

विभिन्न भौगोलिक, प्राकृतिक, सांस्कृतिक मिश्रणका कारण पर्यटन नेपालको प्रमुख उद्योग बन्न पुगेको छ । संविधानले पर्यटन क्षेत्रलाई तीनै तहको अधिकार सुचिमा राखेको छ । प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाका कारण निस्दी गाउँपालिकामा पर्यटनको पर्याप्त सम्भावना देखिन्छ ।

लुम्बिनी प्रदेशमा रहेको पाल्पा जिल्लामा स्थित निस्दी गाउँपालिकामा धार्मिक, प्राकृतिक तथा सांस्कृति पर्यटकिय स्थलहरू रहेका छन्। काउले डाँडा, घाँगी गुफा, थुम्कीडाँडा लेक, नामसुर्घा डाँडा, बलङ्याङ देवी, सुकेकोट गुफा, निशानी देवी मन्दिर, खादर गाउँका कुडुले घरहरू आदि पालिकाका विभिन्न वडामा रहेका मुख्य पर्यटकीय स्थलहरू हुन् । विभिन्न देवी देवताका मठ मन्दिरहरू, विभिन्न समयमा लाग्ने मेला तथा जात्रा, यहाँ समय समयमा मनाईने चाडपर्व, विभिन्न जातजातिका मौलिक कला, संस्कृति तथा चालचलन संस्कृतिका अनुपम उदाहरण हुन् । निस्दी गाउँपालिकाको पर्यटन गुरूयोजना २०८१/८२ - २०९१/९२ तयार भईसकेको छ । यस पालिकाको पर्यटन क्षेत्र मार्फत सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा सहायता पुर्याउनु यो याजनको लक्ष्य रहेको छ।

अनुपम प्राकृतिक सुन्दरता, संस्कृति तथा हावापानीका कारण यस पालिकालाई पर्यटकिय नगरको रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । साथै पालिकाका विभिन्न स्थानमा पदमार्ग तथा होमस्टे संचालन साथै कृषि पर्यटनको पनि प्रशस्त सम्भावना रहेको छ।

विद्यमान अवस्थामा पालिकामा आउने पर्यटक मध्ये स्थानीय पर्यटकको संख्या सबै भन्दा बढी छ । त्यसैगरी नजिकका शहरहरूबाट पनि पर्यटकहरू आउने गरेका छन् भने छिटपुट रूपमा भारतको सिक्किमबाट आउने पर्यटकले पनि यस पालिकाको भ्रमण गर्ने गरेको पाइन्छ । तसर्थ यस क्षेत्रको विकास द्वारा रोजगारीका अवसरहरू अभिवृद्धि, गरिबी न्यूनीकरण र जनताको जीवनस्तरमा सुधार गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकिने सम्भाना प्रशस्त छ ।

### ४.२.२. समस्या तथा चुनौती

पर्यटनका पूर्वाधारको, सेवा सुविधाको कमि, पर्यटकलाई लागि आवासको लागि न्यूनतम मापदण्डको होटेल तथा लजको कमि, होमस्टेको विकास नभएको, स्थानीय पर्यटन सम्बन्धि धेरै सचेत नभएका, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षणमा निजी क्षेत्रको सहभागितामा कमि, पर्यटकीय जनशक्तिको कमि आदी समस्याका रूपमा रहेका छन् भने यातायातको असुविधा, पर्यटकीय क्षेत्रको प्रचारप्रसार हुन नसकेको, पर्यटन क्षेत्रमा लगानीको कमि, पर्यटन पूर्वाधारको विकासमा निजी लगानी आकर्षित गर्ने, नयाँ गन्तव्यहरू पहिचान तथा विकास नहुनु चुनौतीको रूपमा रहेका छन् ।

### ४.२.३. संभावना तथा अवसर

लुम्बिनी प्रदेशले प्रदेश विकासको प्रमुख सम्बाहकको रूपमा पर्यटन क्षेत्रलाई पहिचान गरेको, प्राकृतिक सुन्दरता; जैविक विविधताको उपयोग गरि पर्यटकीय गन्तव्यहरूको विकास तथा विस्तार गर्नु, पर्यटनका क्षेत्रमा

रोजगारीको सिर्जना गरी आय वृद्धि गर्न सकिने, पर्यटन पूर्वाधार निर्माण गरि पर्यटन गतिविधि बढाउन सकिने, सडक तथा यातायातको विकासमा पहल गरि पहुँच विस्तार गर्ने, स्थानीय मौलिक कला, संस्कृती, परम्परालाई पर्यटन उपजको रूपमा प्रयोग गर्न सकिने, गाउँपालिका ले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी पर्यटन विस्तार गर्न सकिने यस क्षेत्रका सम्भावना तथा अवसर हुन् ।

### ४.२.४. पर्यटन विकास योजना

#### ४.२.४.१. लक्ष्य

पर्यटन क्षेत्रको विकास गरि रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गरि आय वृद्धि गर्ने ।

#### ४.२.४.२. उद्देश्य

१ पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण, पूर्वाधारको विकास तथा स्तरोन्नति गर्नु ।
२ पर्यटन क्षेत्रको प्रवर्द्धन गर्नु ।
३ पर्यटन क्षेत्रको विकास गरि रोजगारी वृद्धि गर्नु ।

#### ४.२.४.३. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण, पूर्वाधारको विकास तथा स्तरोन्नति गर्नु । | |
| १.१ पर्यटन विकासका लागि आवश्यक कानुन तथा संस्थागत व्यवस्था गर्ने । | १.१.१ पर्यटनसँग सम्बन्धित नीति तथा योजना तयार गरिनेछ<br>१.१.२ गाउँपालिकामा पर्यटन सम्बन्धि हेर्ने ईकाईको व्यवस्था गरिनेछ ।<br>१.१.३ पर्यटकीय विकासका लागि राष्ट्रिय तथा प्रदेश स्तरीय निकाय सँग समन्वय तथा सहकारी गरिनेछ ।<br>१.२.४ पर्यटन पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी भित्राउन प्रोत्साहनको नीति लिइनेछ । |
| १.२ पर्यटकीय सम्भावनाका क्षेत्रहरूको पहिचान गरि पूर्वाधारको विकास गर्ने । | १.२.१ पर्यटकीय क्षेत्रको सहज पहुँचका लागि सडक, पदमार्ग, पुल, बसपार्क लगायतका संरचनाको विकास गरिनेछ ।<br>१.२.३ पर्यटकीय सेवा सुबिधाको विकास तथा प्रवर्धन गरिनेछ ।<br>१.२.४ पालिका भित्र रहेका मुर्त तथा अमुर्त सम्पदाको संरक्षण गरि पर्यटनसँग जोडिनेछ । |
| उद्देश्य २ः पर्यटन क्षेत्रको प्रवर्द्धन गर्नु । | |

<table>
<tr><th>रणनीति</th><th>कार्यनीति</th></tr>
<tr><td>२.१ पर्यटन क्षेत्रको बजारीकरण तथा विविधिकरण गर्ने ।</td><td>२.१.१ पर्यटन क्षेत्रको विकासका लागि प्रचार प्रसार गरिनेछ ।<br><br>२.१.२ छिमिकी पालिका, जिल्ला तथा अन्य संस्घ संस्थासँग सहकार्य गरि पर्यटन प्याकेजको निर्माण तथा प्रवर्द्धन गरिनेछ।<br><br>२.१.३ वार्षिक पर्यटन महोत्सवको आयोजना गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ३ः पर्यटन क्षेत्रको विकास गरि रोजगारी तथा स्वरोजगारीमा वृद्धि गर्नु ।</td></tr>
<tr><td>१.३ पर्यटकीय क्षेत्रका लागि आवश्यक जनशक्ति विकास गर्नु ।</td><td>१.३.१ पर्यटन व्यवसायसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गरिनेछ ।<br><br>१.३.२ हाल पर्यटन व्यवसायमा लागिरहेका व्यवसायीको क्षमता विकास कार्यक्रम संचालन ।<br><br>१.३.३ स्थानीयलाई पर्यटन सँग जोड्न स्थानिय हस्तकलाका सामग्री तथा प्रांगारिक कृषि उत्पादनको ब्रान्डीङ गरि कोशेलीको रूपमा विकास गरिनेछ ।<br><br>१.३.४ कोशेली घर स्थापना तथा संचालन गरिनेछ ।</td></tr>
</table>

### ४.२.४.४. योजना तथा कार्यक्रम

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | पर्यटन गुरुयोजनाका कार्यक्रमहरूलाई प्राथमिक्ताका आधारमा कार्यान्वयन गर्ने | संख्या | १ | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश | गा.पा. | गा.पा. |
| २ | पर्यटन विकासका लागि आवश्यक कानुन निर्माण | संख्या | ३ | १०० | १०० | | | | २०० | गा.पा. | गा.पा. | गा.पा. |
| ३ | पर्यटन प्रोफाईल तयार गर्ने | संख्या | १ | ५०० | | | | | ५०० | गा.पा. | गा.पा. | गा.पा. |
| ४ | पर्यटनमा निजि क्षेत्रलाई आकर्षित गर्न प्रोत्साहन कार्यक्रम | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | गा.पा, गैसस | निजि क्षेत्र | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ५ | वडा २ र वडा ५ का पर्यटकीय क्षेत्र आसपास होमस्टे संचालनको सम्भाव्यता अध्ययन | घर संख्या | १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | प्रदेश, गा.पा, निजी क्षेत्र | निजि क्षेत्र | गा.पा. |
| ६ | कृषि पर्यटन प्रवर्द्धन (काउले डाँडा) | | | २०० | २०० | २०० | २०० | २०० | १००० | गा.पा. | गा.पा. | गा.पा. |
| ७ | गाउँपालिकामा रहेका पर्यटकिय सम्भावित स्थानमा पूर्वाधार विकास गर्ने (सौचालय, खानेपानी, पहुँच मार्ग, विश्राम स्थल, पैदल मार्ग आदि ) | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | सङ्घ, प्रदेश, गा.पा., गैस, निजि क्षेत्र | गा.पा., निजि क्षेत्र | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ८ | पिकनिक स्पट तथा पार्क निर्माण (खहरे झरना, नामसुघी, गढी किल्ला, थाम पोखरी, धोरका कुलो, चिउझिउ, कुईल्दी खोलो र धरादी झरना वरपर) | संख्या | ३ | | ५०० | ५०० | ५०० | १०० | १६०० | सङ्घ, प्रदेश ,गा.पा. | गा.पा | गा.पा. |
| ९ | Film Village निर्माण | संख्या | १ | १००० | २५०० | ५००० | ५००० | ५००० | १८५०० | सङ्घ, प्रदेश ,गा.पा. | गा.पा. | गा.पा. |
| १० | सम्भावित पर्यटकीय उत्पादन सम्बन्धि डकुमेन्ट्री बनाई वितरण गर्ने | संख्या | १ | | | १००० | | | १००० | प्रदेश, गैसस | गा.पा. | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ११ | मुर्त तथा अमुर्त सम्पदाको संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धन (पुरानो भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, झाँतो तथा कुंडुले घरहरूको संरक्षण र निर्माण कार्यमा आर्थिक सहयोग) | | | १०० | १०० | १०० | १०० | १०० | ५०० | गा.पा., सङ्घ, प्रदेश, निजि क्षेत्र | गा.पा., समुदाय | गा.पा. |
| १२ | पर्यटन सूचना केन्द्र स्थापना | संख्या | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | प्रदेश | गा.पा. | गा.पा. |
| १३ | पर्यटन सम्बन्धि प्याम्पेलेट, ब्रोसर | | | | १०० | १२० | १५० | ३०० | ६७० | गा.पा., गैसस, | गैसस, निजि क्षेत्र | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | बनाई निर्माण तथा वितरण | | | | | | | | | निजि क्षेत्र | | |
| १४ | विभिन्न पर्यटन प्याकेज निर्माण तथा प्रचारप्रसार | प्याकेज संख्या | ५ | १५० | १५० | १०० | १०० | १०० | ६०० | गा.पा., निजि क्षेत्र | गा.पा., निजि क्षेत्र | गा.पा. |
| १५ | गाउँ बाहिर पर्यटन सम्बन्धि काम गर्ने विभिन्न सँग संस्था सँग अन्तरक्रिया गरी बजारीकरण गर्ने | पटक | ५ | | २०० | २०० | २०० | २०० | ८०० | निजि क्षेत्र, गा.पा. | गा.पा., निजि क्षेत्र | गा.पा. |
| १६ | मागका आधारमा पर्यटन जन शक्ति विकासका लागि तालिम सन्चालन | संख्या | १०० | | ४०० | ४०० | ४५० | ५०० | १७५० | गा.पा. गैसस | गा.पा. गैसस | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १७ | गुणस्तरीय सेवा प्रदान गर्ने पर्यटन व्यवसायीलाई सम्मान गर्ने | जना | १ | | ५० | ५० | ५० | ५० | २०० | गा.पा. | गा.पा. | गा.पा. |
| १८ | स्थानीय हस्तकलाका सामग्री उत्पादन तथा प्रवर्द्धनमा सहयोग | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | गा.पा. गैसस | गा.पा, समुदाय | गा.पा. |
| १९ | निस्दी कोसेली घरलाई थप व्यवस्थित गर्ने | स्थान | १ | १००० | ४०० | ४०० | ४०० | ४०० | २६०० | प्रदेश | गा.पा | गा.पा. |
| | **जम्मा बजेट** | | | **६७००** | **७४५०** | **१०८२०** | **९९००** | **९७००** | **४४५७०** | | | |

### ४.२.४.५. सूचक तथा नतिजा खाका

| सुचकहरू | ईकाई | आधार वर्ष २०८१/८२ | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| गाउँपालिकाको कुल राजश्वमा पर्यटन क्षेत्रको योगदानमा वृद्धि | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | सबै पर्यटकीय व्यवसायलाई करको दायरामा ल्याउनु |
| वार्षिक आन्तरिक पर्यटकको आवागमनमा वृद्धि | संख्या हजारमा | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | पर्यटकको आवागमन वृद्धि भएको हुने |
| असर | | | | | | | | | |
| व्यवस्थित पर्यटकीय गन्तव्यमा वृद्धि | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | लगानी पर्याप्त प्राप्त हुने |
| पर्यटकको बसाई अवधि लम्बिने | दिन | | | | | | | वार्षिक प्रतिवेदन | |

| सुचकहरू | ईकाई | आधार वर्ष २०८१/८२ | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| पर्यटकको दैनिक खर्च बढाउने | रु. | | | | | | | वार्षिक प्रतिवेदन | गुणस्तरीय पर्यटकीय सेवा सुबिधा प्रवाह हुने |
| पर्यटनमा क्षेत्रमा रोजगारी थप | | | | | | | | वार्षिक प्रतिवेदन, | |
| प्रतिफल | | | | | | | | | |
| पर्यटन विकास गुरुयोजना कार्यान्वयन | निरन्तर | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | पर्याप्त बजेट विनियोजन हुने |
| पदमार्गको विकास | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| व्यवस्थित होमस्टे | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | निजि क्षेत्रको सक्रिय सहभागिता हुने |

| सुचकहरू | ईकाई | आधार वर्ष २०८१/८२ | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| स्तरीय होटल | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| कृषि पर्यटन संचालन स्थान | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| धार्मिक पर्यटन संचालन स्थान | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| व्यवस्थित पिकनिक स्थल तथा तथा पार्क | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | सङ्घ, प्रदेश बाट पर्याप्त बजेट प्राप्त हुने |
| पर्यटन क्षेत्रमा तालिम प्राप्त दक्ष जनशक्ति | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | गैसस क्षेत्रबाट सहयोग प्राप्त हुने |

| सुचकहरू | ईकाई | आधार वर्ष २०८१/८२ | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| हस्तकलामा आधारित सामग्री उत्पादन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | स्थानीय स्रोत साधनको पहिचान तथा उपयोग |
| कोशेली घर स्थापना | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |

## ४.३. उद्योग, व्यापार तथा व्यवसाय

### ४.३.१. पृष्ठभूमि

उद्योग क्षेत्रलाई राष्ट्र विकासको प्रमुख आधार स्तम्भको रूपमा लिन सकिन्छ । उद्योग क्षेत्रको विकास बिना रोजगारीका अवसहरू सिर्जना र आर्थिक विकास गर्न असम्भव प्राय हुन्छ । नेपाल सरकारले एक स्थानीय तह एक औद्योगिक ग्रामको नीति अबलम्बन गरेको छ । दीगो विकास लक्ष्यमा समावेशी एवं दीगो औद्योगिकरण तथा साना उद्योग एवं अन्य व्यवसाय विस्तार गर्ने उल्लेख छ ।

निस्दी गाउँपालिकाको सबै भन्दा ठुलो बजार वडा नं ४ स्थित मित्याल बजार हो, जुन यस गाउँपालिकाको केन्द्र पनि हो। त्येसैगारी अन्य वडाहरू जस्तै वडा १को पुरामलाङ, वडा ३ को धर्केसिङ, वडा ५ को बेलडाँडा र ढुङ्गानाबेसी तथा वडा ६ को अर्चले र सिसिङ्गामा पनि स-साना बजार केन्द्रहरू रहेका छन्। गाउँपालिकामा सञ्चालन भएका व्यापार र व्यवसायहरू यीनै बजार क्षेत्रहरूमा केन्द्रित रहेका छन्।

निस्दी गाउँपालिका पाल्पा जिल्लाको पुर्वी र स्याङ्जा जिल्लाको पुर्वी दक्षिणी भेगलाई पुर्व—पश्चिम राजमार्ग मार्फत तराईको बजारसँग जोडने प्रमुख व्यापारिक केन्द्र बन्दै गरेको साथै स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ । पालिकामा नगन्य मात्रामा उद्योग स्थापना भएका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस पालिकामा घरधुरीको साना व्यवसायमा संलग्नता हेर्दा अधिकांश (८८.१४%) परिवार कृषि बाहेक कुनै पनि व्यवसायमा संलग्न भएका छैनन्। अन्य साना व्यवसाय संलग्न मध्य सबै भन्दा बढी ३०४ परिवार (७.३०%) घरेलु तथा लघु उद्योगमा संलग्न छन्।

### ४.३.२. समस्या तथा चुनौती

उपलब्ध कच्चा पदार्थको सहि सदुपयोग नभएको, हालसम्म औद्योगिक ग्रामको स्थापना नभएको, उद्योग क्षेत्रमा लगानी गर्न आकर्षित गर्न नसकिएको, उद्योग संचालनका लागि उर्जाको अपर्याप्तता, यातायात तथा अन्य भौतिक पूर्वाधारको कमी रहेको, बैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरूको अनुभव तथा पूँजीलाई उद्योग क्षेत्रमा सदुपयोग गर्न नसकिएको, सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन नसकिएको, सञ्चालनमा आएका उद्योगलाई निरन्तरता दिन नसकिएको, लघु घरेलु तथा साना उद्योगको बजार विकास तथा प्रवर्धन गर्न नसक्नु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.३.३. संभावना तथा अवसर

कृषि तथा वनमा आधारित उद्योगका लागि पर्याप्त कच्चा पदार्थ उपलब्ध हुनु, पशुपंक्षीमा आधारित उद्योगको सम्भावना रहेको, उद्योगका लागि आवश्यक जनशक्ति उपलब्ध रहेको, रोजगारी तथा स्वरोजगारको सिर्जना गर्न सकिने यस क्षेत्रका अवसर हुन् ।

### ४.३.४. उद्योग, व्यापार तथा व्यवसाय योजना

#### ४.३.४.१. लक्ष्य

स्थानीय स्रोत साधनमा आधारित उद्योग स्थापना गरि रोजगारी तथा स्वरोजगार सिर्जना गर्ने ।

#### ४.३.४.२. उद्देश्य

१. स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित उद्योग स्थापना गर्नु ।

२. स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरूलाई गुणस्तरीय र प्रतिस्पर्धातमक बनाउनु ।

३. व्यापार तथा व्यवसायका लागि सहज वातावरण तयार गर्नु ।

#### ४.३.४.३. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्नु । | |
| १.१ स्थानीय स्रोत, साधन तथा सीपको सदुपयोग गरि उद्यम विकासलाई प्रोत्साहन गर्ने । | १.१.१ गाउँपालिकामा भएका स्रोत तथा साधनको प्रयोगबाट उद्योग स्थापना गर्न अध्ययन गरिनेछ ।<br>१.१.२ स्थानीय परम्परागत सिप तथा क्षमताको पहिचान तथा विकास गरिनेछ ।<br>१.१.३ गाउँपालिकामा उद्योग स्थापनाका लागि प्रोत्साहन गर्न दर्ता, नवीकरण जस्ता प्रक्रियालाई सरल बनाउने साथै सहुलियत तथा कर छुटको व्यवस्था गरिनेछ ।<br>१.१.४ स्थानीय स्रोत साधनमा आधारित उद्योग स्थापना गरिनेछ। |
| १.२ उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधारको विकास गर्ने । | १.२.१ साना तथा घरेलु उद्योग स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि नीति, ऐन, कार्यविधि तथा मापदण्ड तयार गरि लागु गरिनेछ ।<br>१.२.२ औद्योगिक ग्रामको स्थापना गरिनेछ । |
| उद्देश्य २ः स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरूलाई गुणस्तरीय र प्रतिस्पर्धामक बनाउनु । | |
| २.१ उद्योग क्षेत्रमा लगानी भित्र्याउन प्रोत्साहन गर्ने । | २.१.१ उद्योग स्थापनामामा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१.२ साना तथा घरेलु उद्यम विकासमा सामुहिक तथा सहकारी लगानीलाई प्रोत्साहन गरिनेछ ।<br><br>२.१.३ गाउँपालिकामा भित्रीने विप्रेषणलाई उद्योग क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । |
| २.२ स्थानीय उत्पादनको बजार प्रवर्धन गर्ने । | २.२.१ गाउँपालिकाको प्रमुख बजारमा स्थानीय उत्पादनको विक्री कक्ष स्थापना गरिनेछ ।<br><br>२.२.२ स्थानीय उत्पादनको प्रचार प्रसार गर्न विभिन्न प्रदर्शनी, मेलाको आयोजना गर्ने तथा यस्ता मेलामा सहभागता जनाउने । |
| २.३ स्थानीय उत्पादनलाई गुणस्तरीय तथा प्रतिस्पर्धात्मक बनाउने । | २.३.१ एक वडा एक उत्पादन लाई प्रोत्साहन गरिनेछ ।<br><br>२.३.२ गुणस्तरीय उत्पादनका लागि उद्योगमा प्रविधिको प्रयोग बढाउन प्रोत्साहनका कार्यक्रम गरिनेछ । |
| उद्देश्य ३: व्यापार तथा व्यवसायका लागि सहज वातावरण तयार गर्नु । | |
| ३.१ गाउँपालिकामा व्यापार व्यवसायलाई सहजीकरण गर्ने । | ३.१.१ पालिका भित्र हुने सबै व्यापार व्यवसायलाई दर्ता गर्न सहयोग गरिनेछ ।<br><br>३.१.२ व्यापारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्न समय समयमा बजार अनुगमन गरिनेछ ।<br><br>३.१.३ सहकारी सँगको साझेदारीमा सुपथ पसल संचालन गरिनेछ । |

## ४.३.४.४. योजना तथा कार्यक्रम

| क्र. सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | गाउँपालिकामा रहेका सम्भावित औद्योगिक कच्चा पदार्थको पहिचान गरी स्रोत नक्शाङ्कन | पटक | १ | ५०० | | | | | ५०० | प्रदेश | गा.पा. | गा.पा. |
| २ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना | संख्या | २ | | | ५००० | | ५००० | १०००० | गा.पा., निजि क्षेत्र, सहकारी | सहकारी, निजि क्षेत्र | गा.पा. |
| ३ | उद्योग स्थापना, संचालन तथा व्यवस्थापन सम्बन्धि कानुन तर्जुमा | संख्या | ३ | ५० | ५० | | | | १०० | गा.पा. | गा.पा. | गा.पा. |
| ४ | औद्योगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि DPR तयार गर्ने | संख्या | १ | १००० | | | | | १००० | प्रदेश, गा.पा. | गा.पा. | गा.पा. |

| क्र. सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ५ | नयाँ नयाँ व्यवसायका क्षेत्रहरू पहिचान गरि उद्यमशीलता सम्बन्धी विभिन्न तालिमहरू सञ्चालन | संख्या | १० | | १००० | १००० | १००० | १००० | १०२०००० | सङ्घ, प्रदेश, गा.पा. | गा.पा. | गा.पा. |
| ६ | सहकारीलाई साना उद्योगमा लगानी गर्न प्रोत्साहन गर्न समन्वय तथा सहकार्य गर्ने | पटक | ५ | २०० | २०० | ३०० | ३०० | ३०० | १३०० | गा.पा. सहकारी | सहकारी, गा.पा | गा.पा. |
| ७ | बैदेशिक रोजगारीबाट फर्केर स्थानीय स्तरमानै लगानी गर्ने युवालाई सम्मान | संख्या | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा. | गा.पा., निजि क्षेत्र | गा.पा. |
| ८ | स्थानीय उद्योगमा उत्पादन भएका वस्तुको प्रदर्शनी कक्ष स्थापना | संख्या | १ | | | | २००० | २००० | ४००० | गा.पा., सहकारी, निजि क्षेत्र | गा.पा., निजि क्षेत्र | गा.पा. |

| क्र. सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ९ | स्थानीय उत्पादनको प्रचार प्रसार गर्न वार्षिक मेला तथा प्रदर्शनीको आयोजना | पटक | ४ | | ४०० | ४५० | ५०० | ५५० | १९०० | गा.पा., सहकारी, निजि क्षेत्र | गा.पा., सहकारी, निजि क्षेत्र | गा.पा. |
| १० | गाउँपालिका बाहिर हुने औद्योगिक मेलामा पालिकाले प्रतिनिधित्व गर्ने | पटक | २ | १०० | २०० | २०० | २०० | २०० | ९०० | गा.पा., सहकारी, निजि क्षेत्र | गा.पा., सहकारी, निजि क्षेत्र | गा.पा. |
| ११ | उत्पादित सामाग्रीको ब्रान्ड निर्माण गर्न पहल गर्ने | संख्या | ३ | | | १०० | १०० | १०० | ३०० | गा.पा. | गा.पा. | गा.पा. |
| १२ | गाउँपालिकामा हुने सबै प्रकारका व्यापार व्यवसाय दर्ता गर्न चेतनामुलक कार्यक्रम | पटक | ५ | १०० | ११५ | १२० | १२० | १२० | ५७५ | गा.पा. गैसस | गा.पा. गैसस | गा.पा. |
| १३ | बजार अनुगमन | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा. | गा.पा. | गा.पा. |

| क्र. सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १४ | सुपथ मूल्य पसल संचालन | संख्या | २ | | ३००० | | | ३००० | ६००० | गा.पा, सहकारी | सहकारी | गा.पा. |
| | **जम्मा मूल्य** | | | **२०५०** | **५०६५** | **७२७०** | **४३२०** | **१२३७०** | **३१०७५** | | | |

### ४.३.४.५. सूचक तथा नतिजा खाका

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| गैर कृषि क्षेत्रमा रोजगारी वृद्धि | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | गैर कृषि क्षेत्रको प्रवर्द्धन हुने |
| असर | | | | | | | | | |
| औद्योगिक क्षेत्रमा संलग्न जनसंख्या बढ्ने | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | गैर कृषि क्षेत्रको प्रवर्द्धन हुने |
| व्यवसाय क्षेत्रमा संलग्न जनसंख्या बढ्ने | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| प्रतिफल | | | | | | | | | |
| स्थानीय स्रोत साधनमा आधारित उद्योग | संख्या | १ | ० | ० | २ | ० | ३ | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| औद्योगिक ग्राम स्थापना | संख्या | ० | | | १ | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | वृद्धि भएको हुने |
| जडिबुटी प्रशोधन केन्द्र | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| स्थानीय समाग्री प्रदर्शनी कक्ष | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| उद्योगमा लगानी गर्ने सहकारी | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| स्थानीय उत्पादनको मेला वा प्रदर्शनी | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| सुपथ पसल संचालन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| व्यापार व्यवसायको दर्ता | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |

## ४.४. श्रम तथा रोजगारी

### ४.४.१. पृष्ठभूमि

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानले दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमबीच सु-सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पूँजी, प्रविधि आदि देश भित्रै सदुपयोग गर्ने नीति लिएको छ ।

दीगो विकास तथा गरिबि निवारणका लागि सम्मानजनक रोजगारी पहिलो आधार हो । रोजगारी मानिसको जीवनयापनको प्रमुख आधार हो । नेपालको संविधानले रोजगारीलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । २० देखि ३४ वर्ष उमेर समूहको जनसङ्ख्या अन्य उमेर समूहभन्दा साँघुरो (२३.०४%) देखिन्छ जसले युवाहरूको बाहिरी रोजगारीका लागि विदेश पलायन (वैदेशिक रोजगारी तथा श्रम आप्रवास) उच्च रहेको संकेत गर्दछ। गाँउपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ जस मार्फत केहि स्थानीयले थप रोजगारीको अवसर पाएका छन् । निस्दी गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ५५१ जना बेरोजगारको सुचिमा सुचिकृत भएका थिए। सो आ.व.मा सुचिकृत भएका मध्ये ७४ जनाले ७ वटा आयोजनामा सँगलग्न भई जम्मा ७,४०० दिन काम गरेका थिए।

### ४.४.२. समस्या तथा चुनौती

स्थानीय स्तरमा श्रम शक्तिको माग र आपूर्ति बिचको असन्तुलन, सीपयुक्त जनशक्तिको कमि, रोजगारीका अवसरको कमि, श्रम शक्तिको रूपमा रहेको युवा जनशक्ति गाउँपालिका बाट बाहिरिनु, गाउँपालिकाका युवा श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गराउनु यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.४.३. संभावना तथा अवसर

गाउँपालिकामा विद्यमान मानवीय संसाधनको उपयुक्त परिचालन गरि गाउँपालिका तथा नगरवासीको आर्थिक समृद्धि हासिल गर्न सकिने सम्भावना, कृषि पशुपालन लगायतका क्षेत्रलाई व्यवसायीकरण स्थानीय स्तरमानै रोजगारीका अवसर सिर्जना गर्न सकिने अवसर छन् ।

### ४.४.४. श्रम तथा रोजगारी योजना

#### ४.४.४.१. लक्ष्य

स्थानीय श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

#### ४.४.४.२. उद्देश्य

१ दक्ष जनशक्तिको विकास गरि स्थानीय स्तरमानै रोजगारीका अवसर सिर्जना गर्नु ।

२ श्रमिकको हक हितको सुरक्षा गर्नु ।

### ४.४.४.३. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ : दक्ष जनशक्तिको विकास गरि स्थानीय स्तरमानै रोजगारीका अवसर सिर्जना गर्नु । | |
| १.१ रोजगार तथा बेरोजगारको लगत तयार गर्ने । | १.१.१ रोजगार केन्द्र मार्फत गाउँपालिकाको रोजगार तथा बेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन गरिनेछ ।<br>१.१.२ गाउँपालिका क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूको दक्षता र अनुभवको आधारमा लगत तयार गरि श्रम बैंकको स्थापना गरिनेछ । |
| १.२ रोजगारमूलक तालिम सञ्चालन गर्ने । | २.२.१ रोजगार केन्द्रमा सुचिकृत श्रमिकलाई सिपमुलक तालिम तथा काममा पहिलो प्रथमिकता दिईनेछ ।<br>२.२.२ विभिन्न सङ्घ संस्थासँग सहकार्य गरि रोजगारमूलक तालिम सञ्चालन गरिनेछ । |
| उद्देश्य २ श्रमिकको हक हितको सुरक्षा गर्नु । | |
| २.१ गाउँपालिका क्षेत्रमा कार्यरत मजदुरको न्यूनतम हक अधिकार सुरक्षित गर्ने । | २.१.१ गाउँपालिका क्षेत्रमा काम गर्ने श्रमिकको (महिला र पुरुषको) ज्यालामा समानता कायम गरिनेछ ।<br>२.१.२ बाल श्रमलाई निरुत्साहित गरिनेछ । |
| २.२ वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन पहल गर्ने । | २.२.१ विदेश जान चाहने व्यक्तिहरूलाई आधारभूत तालिमको व्यवस्था गरिनेछ ।<br>२.२.२ बैदेशिक रोजगारमा जाने युवालाई गन्तब्य स्थानबारे अभिमुखीकारण कार्यक्रम संचालन गरिनेछ । |

### ४.४.४.४. योजना तथा कार्यक्रम

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | बेरोजगार व्यक्तिहरूको अभिलेख तयार गर्ने | पटक | १ | १०० | १०० | ५० | ५० | ५० | ३५० | प्र.म रोजगार कार्यक्रम | प्र.म रोजगार कार्यक्रम | गा.पा. |
| २ | सीप युक्त तथा अर्ध दक्ष व्यक्तिहरूको दर्ता गर्ने सम्बन्धमा वडा मार्फत लागत संकलन गर्ने | | | ५० | ५० | ५० | ५० | ५० | २५० | प्र.म रोजगार कार्यक्रम | प्र.म रोजगार कार्यक्रम | गा.पा. |
| ३ | मानव स्रोत विकास योजना तयार गर्ने | संख्या | १ | | | १००० | | | १००० | गा.पा. | गा.पा. | गा.पा. |
| ४ | स्वरोजगारका लागि स्थानीय युवालाई प्रस्तावको आधारमा सहयोग गर्न अध्यक्षसँग रोजगार कार्यक्रम संचालन गर्ने | | | १०० | १०० | | १०० | १०० | ४०० | गा.पा. | गा.पा., निजि क्षेत्र | गा.पा. |

| क्र. सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजार मा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ५ | वैदेशिक रोजगारीबाट लिएको अनुभव आदान प्रदान गर्न स्थानीय युवा बीच अन्तरक्रिया कार्यक्रम | पटक | ५ | ५० | ५५ | ६० | ७० | ८० | ३१५ | गा.पा. | गा.पा. | गा.पा. |
| ६ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई आयमुलक क्षेत्रमा लगानी गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने | संख्या | ५० | २०० | २०० | २०० | २०० | २०० | १००० | गा.पा., सहकारी, वित्तीय संस्था | सहकारी, वित्तीय संस्था | गा.पा. |
| ७ | वार्षिक रूपमा २ जनालाई आधुनिक सिप मुलक तालिम लिन गाउँपालिका बाहिर पठाउन सहयोग गर्ने | संख्या | १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | गा.पा., प्रदेश | गा.पा. | गा.पा. |
| ८ | सिप प्रमाणीकरण गर्न वार्षिक रूपमा कार्यक्रम संचालन गर्ने | पटक | ५ | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | गा.पा., निजि क्षेत्र | गा.पा. | गा.पा. |

| क्र. सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजार मा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ९ | बाल श्रम विरुद्ध ठाउँ ठाउमा जानकारी मुलक सूचना बोर्ड राख्ने | स्थान | ११ | ५० | १२० | १२० | | | २९० | गा.पा. | गा.पा. | गा.पा. |
| १० | श्रमिकको विमा गराउन रोजगारदाताहरूसँग अन्तरक्रिया गर्ने | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा., निजि क्षेत्र | गा.पा. | गा.पा. |
| ११ | बैदेशिक रोजगारमा जाने व्यक्तिलाई अभिमुखीकरण तालिम संचालन | संख्या | १०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | सङ्घ, गा.पा. | गा.पा. | गा.पा. |
| | **जम्मा बजेट** | | | **१५००** | **१६२५** | **२५३०** | **१५७०** | **१६३०** | **८८५५** | | | |

### ४.४.४.५. सूचक तथा नतिजा खाका

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| स्थानीय स्तरमा रोजगारीको वृद्धि भएको हुने | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | रोजगारमूलक कर्यक्रम प्रवर्द्धन भएका हुने |
| सुरक्षित वैदेशिक रोजगारीमा जानेको संख्या | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| असर | | | | | | | | | |
| सीपमूलक तालिम प्राप्त गरेका दक्ष जनशक्तिको वृद्धि | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | सिपमुलक कार्यक्रम संचालन भएका हुने |
| प्रतिफल | | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| मानव स्रोत विकास योजना | संख्या | | - | - | १ | - | - | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | मानव विकास योजनासहित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सिप प्रमाणित प्रमाणपत्र प्राप्त गर्नेको | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | रोजगारमुलक कार्यक्रम प्रवर्द्धन हुने |
| उच्च स्तरको आधुनिक सिपमुलक तालिम प्राप्त गर्ने | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |
| अध्यक्ष सँग रोजगार कर्यक्रमबाट लाभान्वित | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पर्श्वचित्र | |

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१. स्वास्थ्य तथा पोषण

### ५.१.१. पृष्ठभूमि

स्वस्थ्य जनशक्ति समृद्ध मुलुक निर्माणको महत्वपूर्ण आधार हो । नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानमा पनि प्रत्येक नेपालीले आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क पाउने व्यवस्था गरेको छ । सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दीगो विकास लक्ष्य रहेको छ । संविधानले व्यवस्था गरे अनुसार स्थानीय सरकारले आफ्ना मातहतका स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क गरेको छ ।

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवं सरसफाई स्वस्थ जीवनको आधार हुन् । स्वस्थ जीवनको लागि पोषणयुक्त खाद्यवस्तुको उपलब्धता अनिवार्य हुन्छ । गाउँपालिका मा उत्पादित कृषि उपजले सबै घरधुरीलाई वर्षभर खान पुग्ने अवस्था छैन ।

यस गाउँपालिकामा १ आधारभूत अस्पताल (निर्माणाधीन), ७ स्वास्थ्य चौकी र ५ सामुदायिक स्वास्थ्य ईकाइ सञ्चालनमा रहेका छन्।

गाउँपालिकामा रहेका स्वास्थ्य संस्थामा पोषण सेवा, प्रसुती सेवा, गर्भवती जाँच, औषधी वितरण, ल्याव सेवा, खोप सेवा, पोषण सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने, क्षयरोगको उपचार तथा अन्य उपचारात्मक सेवाहरू उपलब्ध रहेका छन् ।

### ५.१.२. समस्या तथा चुनौती

अपेक्षित रूपमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार हुन नसकेको, स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण तथा दक्ष जनशक्तिको अभाव, भौतिक पूर्वाधारको (भवन) कमि, स्थानीयमा स्वास्थ्य सम्बन्धी चेतनाको कम, कुपोषण, स्वास्थ्य सम्बन्धि जटिल समस्याका लागि गाउँपालिका बाहिर जानुपर्ने अवस्था, जलवायु परिवर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपदले,महामारीले मानवीय स्वास्थ्यमा समस्या थपिदै गएको, नसर्ने तर दिर्घ रोगहरूको जोखिम बढ्नु, आकस्मिक स्वास्थ्य समस्या हुँदा एम्बुलेन्स तथा वाटोको समस्या हुनु, स्वास्थ्य सेवामा समतामूलक पहुँच स्थापित गर्न नसकिनु, हाल सम्म पनि पालिका स्तरीय अस्पताल निर्माण सम्पन्न भई संचालमा आउन नसकेको, अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउन नसकेको, स्वास्थ्य बिमालाई प्रभावकारी रूपमा कार्यान्वयन गराउनु, व्यक्तिगत स्वास्थ्य तथा पोषण सम्बन्धि चेतना विस्तार नभएको, सरकारद्वारा निशुल्क रूपमा उपलब्ध गराउने औषधि समयमा तथा पर्याप्त उपलब्ध गराउनु जस्ता प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

### ५.१.३. संभावना तथा अवसर

आधारभूत स्वास्थ्य सेवा सम्बन्धी अधिकार स्थानीय तहमा रहनु, दश शैयाको अस्पताल निर्माणले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार, प्रयोगशाला सेवा विस्तार, निजी क्षेत्रलाई पनि स्वास्थ्य सेवा प्रवाहमा आकर्षित गर्ने सम्भावना रहेको, आयुर्वेदिक पद्धतिको विकास गरि दीर्घकालीन स्वास्थ्य सेवा प्रवाह गर्न सकिने सम्भावना रहेको छ । पूर्वाधार, उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सकिने सम्भावना रहेको छ । स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, सर्वसाधारण व्यक्तिगत स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा पोषण सम्बन्धि सचेत हुँदै जानु, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि नीतिगत व्यवस्था हुनु, सङ्घीय सरकार तथा प्रदेश सरकारबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै जानु आदि यस क्षेत्रका अवसर हुन् ।

### ५.१.४.स्वास्थ्य तथा पोषण योजना

#### ५.१.४.१. लक्ष्य

गाउँपालिकामा सर्वसुल, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच पुगेको हुने ।

#### ५.१.४.२. उद्देश्य

१ सबै वडामा दक्ष जनशक्ति सहित गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार गर्नु ।
२ स्वास्थ्य सेवामा आवश्यक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती गर्नु ।
३ स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्नु ।
४ वैकल्पीक चिकित्साको माध्यमबाट स्वास्थ्य सेवा प्रवर्द्धन गर्नु ।

#### ५.१.४.३. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः सबै वडामा दक्ष जनशक्ति सहित गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार गर्नु । | |
| १.१ आधारभूत देखि विशिष्ठ स्वास्थ्य सेवामा सबैको पँहुच अभिवृद्धि तथा विस्तार गर्ने । | १.१.१ आधारभूत स्वास्थ्य सेवा तथा औषधीमा स्थानीय बासीको पहुँच पुर्रयाउने ।<br>१.१.२ स्वास्थ्य वीमा कार्यक्रम मार्फत सबैमा स्वास्थ्य सेवाको पहुँच बढाउने ।<br>१.१.३ पालिकाका सबै क्षेत्रमा रहेका सबै नागरिकलाई स्वास्थ्य सेवा पुर्याउन आधुनिक प्रविधि तथा विशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य सेवा संचालन गर्ने ।<br>१.१.४ सामुदायिक विद्यालयमा नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.५ अशक्त तथा जेष्ठ नागरिकको स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । |
| १.२ स्वास्थ्य सम्बन्धि सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने । | १.२.१ रोग प्रतिरोधात्मक क्षमताको विकासका लागि पोषण, सन्तुलित आहार, व्यक्तिगत सरसफाई तथा वातावरण प्रदुषण सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।<br><br>१.२.२ विपद तथा महामारीको समयमा हुने स्वास्थ्य जोखिम सम्बन्धि जागरुक गराउने ।<br><br>१.२.३ गर्भवती महिला तथा बालबालिकाले अनिवार्य लिनुपर्ने खोपको नियमित व्यवस्थापन गर्ने साथै यस्तो खोप लिन जागरुक गराउने ।<br><br>१.२.४ किशोरी स्वास्थ्य तथा महिनावारी सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।<br><br>१.२.५ सर्ने तथा नसर्ने रोगबारे सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । |
| १.३ स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापन गरिनेछ । | १.३.१ आवश्यक दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापनका लागि सरकार तथा गै.स.स सँग सहकार्य तथा समन्वय गर्ने ।<br><br>१.३.२ स्वास्थ्यकर्मीहरूलाई समय अनकुल तालिम प्रदान गरिनेछ । |
| उद्देश्य २ः स्वास्थ्य सेवामा आवश्यक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती गर्नु । | |
| २.१ स्वास्थ्य संस्थामा प्रविधिमैत्री भौतिक पूर्वाधारहरू निर्माण तथा स्तरोन्नती गर्ने । | २.१.१ निर्माणाधीन १० शैयाको अस्पताल सम्पन्न गरि संचालनमा ल्याईनेछ ।<br><br>२.१.२ अस्पतालमा आकस्मिक (प्राथमिक) उपचार, विशिष्ट ल्याव सेवा तथा अन्य आधारभूत एकीकृत उपचार सेवा प्रवाह गरिनेछ ।<br><br>२.१.३ आवश्यक स्थानमा खोप केन्द्र तथा गाउँघर क्लिनिक संचालन गरि स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ ।<br><br>२.१.४ स्वास्थ्य संस्था सम्म सहज रूपमा पुग्न पहुँच बाटोको व्यवस्थापन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१.५ एम्बुलेन्स सेवा विस्तार तथा प्रभावकारी बनाईनेछ। |
| उद्देश्य ३: स्वच्छ, स्वस्थ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्नु । | |
| ३.१ स्वस्थ र पोषणयुक्त खानेकुराको बारेमा ज्ञान अभिवृद्धि गर्ने । | ३.१.१ पोषण सुधार योजना सहित बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ ।<br>३.१.२ गर्भवती महिला तथा नवजात शिशु लाई आमा सुरक्षा कार्यक्रम संचालन गरिनेछ ।<br>३.१.३ कुपोषणको अन्त्य गर्न गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । |
| उद्देश्य ४: वैकल्पीक चिकित्साको माध्यमबाट स्वास्थ्य सेवा प्रवर्द्धन गर्नु । | |
| ४.१ आयुर्वेद उपचार पद्धतीलाई स्वास्थ्य सेवाको दीगो र भरपर्दो माध्यम बनाई पहुँच विस्तार गर्ने । | ४.१.१ आयुर्वेदिक स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाई आयुर्वेद स्वास्थ्य सेवाको विस्तार गर्ने।<br>४.१.२ स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिबुटीको पहिचान, संरक्षण, संकलन, प्रबर्द्धन गर्दै वैकल्पिक चिकित्सा प्रवर्द्धन गरिनेछ । |
| ४.२ वैकल्पिक उपचार पद्दतिको खोजि तथा प्रवर्द्धन गर्ने । | ४.२.१ योग तथा ध्यानलाई वैकल्पिक उपचार पद्दतिको रूपमा प्रवर्द्धन गरिनेछ । |

### ५.१.४.४. योजना तथा कार्यक्रम

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | स्वास्थ्य संस्थाको स्तरोन्नति तथा व्यवस्थापन | संख्या | १४ | ५०० | ६५० | ७५० | ८५० | १००० | ३७५० | सङ्घ, प्रदेश, गा.पा | गा.पा, स्वास्थ्य संस्था | गा.पा |
| २ | सुपथ मूल्य औषधि पसल संचालन | संख्या | २ | ३०० | ३०० | १०० | १०० | १०० | ९०० | गा.पा, गैसस | गा.पा, स्वास्थ्य संस्था | गा.पा |
| ३ | स्वास्थ्य संस्थामा औषधि तथा उपकरण खरिद | पटक | ५ | १५०० | १६०० | १७०० | १८०० | १८०० | ८४०० | सङ्घ, प्रदेश, गा.पा. | गा.पा, स्वास्थ्य संस्था | गा.पा |
| ४ | स्वास्थ्य विमा गर्न सबैलाई सचेत गर्ने साथै अति विपन्न तथा अशक्तलाई | संख्या | १०० | ५०० | ४५० | ३५० | ३५० | ३५० | २००० | गा.पा. | गा.पा. | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | स्वास्थ्य विमा गर्न सहयोग गर्ने | | | | | | | | | | | |
| ५ | विशेषज्ञ सेवा सहित घुम्ती स्वास्थ्य शिविर संचालन | पटक | १० | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | गा.पा, गैसस, लुम्बिनी स्वास्थ्य विज्ञान प्रतिष्ठान | गा.पा, गैसस, लुम्बिनी स्वास्थ्य विज्ञान प्रतिष्ठान | गा.पा |
| ६ | विद्यालयमा नियमित स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | ५ | २५० | ३५० | ५०० | ५०० | ५०० | २१०० | गा.पा, गैसस | गा.पा., गैसस, विद्यालय | गा.पा |
| ७ | अशक्त तथा जेष्ठ नागरिकको घरघरमा स्वास्थ्य | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | गा.पा. | गा.पा. | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | परिक्षणलाई निरन्तरता दिने | | | | | | | | | | | |
| ८ | पोषण, सन्तुलित आहार, व्यक्तिगत सरसफाई, धुम्रपान नियन्त्रणको लागि आवयश्क पहल तथा वातावरण प्रदुषण, सर्ने र नसर्ने रोग सम्बन्धि सचेतनामुलक कार्यक्रम | पटक | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | सङ्घ, प्रदेश, गा.पा. | गा.पा, स्वास्थ्य संस्था | गा.पा |

| क.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | (विद्यालय र समुदायमा) | | | | | | | | | | | |
| ९ | मानसिक स्वास्थ्य सम्बन्धि चेतना अभिवृद्धि तथा मनोसामाजिक परामर्श कार्यक्रम | पटक | ५ | ३०० | ५०० | ५०० | ५५० | ५५० | २४०० | प्रदेश, गा.पा, गैसस | गा.पा, स्वास्थ्य संस्था, विद्यालय | गा.पा |
| १० | कोल्डचेन सबसेन्टर सञ्चालन गर्ने | पटक | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | गा.पा. गैसस | गा.पा. गैसस | गा.पा |
| ११ | स्वास्थ्य संस्थामा पर्याप्त दक्ष जनशक्ति व्यवस्थापन | संख्या | ५ | २६० | ४२० | ५५० | ६२५ | ७०० | २५५५ | सङ्घ, प्रदेश | गा.पा | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १२ | महिला स्वास्थ्य स्वयं सेविकाको क्षमता विकास, प्रोत्साहन तथा परिचालन | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | सङ्घ, प्रदेश, गा.पा | गा.पा, स्वास्थ्य संस्था | गा.पा |
| १३ | स्वास्थ्यकर्मीलाई समयानुकुल तालिम तथा प्रशिक्षण कार्यक्रम | पटक | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | सङ्घ, प्रदेश, गा.पा. | सङ्घ, प्रदेश, गा.पा. | गा.पा |
| १६ | स्वास्थ्य केन्द्रमा विशिष्ट ल्याब सेवा संचालन | संख्या | २ | | २००० | | २००० | | ४००० | प्रदेश | गा.पा | गा.पा |
| १७ | खोप केन्द्र संचालन तथा | संख्या | ५ | ५०० | २०० | २०० | २०० | २०० | १३०० | गा.पा. | गा.पा. | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | नियमित खोप सुदृढिकरण | | | | | | | | | | | |
| १८ | सबै स्वास्थ्य संस्थाले महिनामा एक पटक गाउँघर क्लिनिक संचालन गर्ने | संख्या | १० | ६०० | ३०० | ३०० | ३०० | ३०० | १८०० | सङ्घ, गा.पा. | स्वास्थ्य सस्था | गा.पा |
| १९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | एकमुष्ठ | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | सङ्घ | गा.पा, स्वास्थ्य संस्था | गा.पा |
| २० | जंक फुडको प्रयोग घटाउने तथा अर्गानिक खानाको फाईदा | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | सङ्घ, प्रदेश, गा.पा | गा.पा, स्वास्थ्य संस्था, विद्यालय | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | बारे सचेत गराउने | | | | | | | | | | | |
| २२ | गर्भवती महिला र नवजात शिशु स्याहार सम्बन्धि आमा सुरक्षा कार्यक्रम | एकमुष्ठ | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | सङ्घ, प्रदेश, गा.पा | सङ्घ, प्रदेश, गा.पा | गा.पा |
| २३ | जटिलता भएका गर्भवती, सुत्केरीलाई निशुल्क एम्बुलेन्स कार्यक्रम | एकमुष्ठ | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | गा.पा. | गा.पा. | गा.पा |
| २४ | प्रसुती गृह संचालन तथा व्यवस्थापन | संख्या | २ | ५००० | ५००० | ३००० | ३००० | १००० | १७००० | सङ्घ, प्रदेश, गा.पा | सङ्घ, प्रदेश, गा.पा | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| २५ | अक्सिजन सहितको एम्बुलेन्स थप गर्ने | संख्या | १ | | | ७००० | | | ७००० | सङ्घ | गा.पा., स्वास्थ्य संस्था | गा.पा |
| २६ | औषधिजन्य जडिबुटीको पहिचान, संरक्षण, प्रयोग तथा प्रबर्द्धन कार्यक्रम | निरन्तर | | २०० | २०० | २०० | २०० | २०० | १००० | गा.पा | गा.पा | गा.पा |
| २७ | नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गर्ने | निरन्तर | | १०० | १०० | १०० | १०० | १०० | २५० | गा.पा | गा.पा | गा.पा |
| २८ | आयुर्वेद स्वास्थ्य केन्द्र संचालन | संख्या | १ | | १००० | ११०० | १५०० | २५००० | २८६०० | सङ्घ, प्रदेश,गा.पा. | गा.पा. | गा.पा |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| २९ | योग ध्यान केन्द्र स्थापना | संख्या | २ | | | ५०० | | ५०० | १००० | प्रदेश | गा.पा. | गा.पा |
| ३० | योग ध्यान सम्बन्धि प्रशिक्षण तथा सचेतामुलक कार्यक्रम | पटक | १० | १०० | १५० | १५० | १५० | १५० | ७०० | गा.पा. | गा.पा. | गा.पा |
| | जम्मा बजेट | | | १६४१० | १९६२० | २३५०० | १८८२५ | ३९१५० | ११७५०५५ | | | |

### ५.१.४.५. सूचक तथा नतिजा खाका

| सुचकहरू | ईकाई | आधार वर्ष २०८२/८३ | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा ) | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| नवजात शिशु मृत्युदर ( प्रतिहजार जीवित जन्ममा ) | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| असर | | | | | | | | | |
| १ घण्टाको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको जनसंख्या | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | स्वास्थ्य सेवामा पहुँच बढेको हुने |
| स्वास्थ्य विमामा पहुँच भएको जनसंख्या बढाउने | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| प्रतिफल | | | | | | | | | |
| आपतकालीन स्वास्थ्य सेवा सहित संचालन भएको अस्पताल | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | पर्याप्त बजेटको व्यवस्था |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| ल्याब संचालन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | भएको हुने |
| थप एम्बुलेन्स संचालन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| प्रसुती सेवा उपलब्ध भएका स्वास्थ्य संस्था थप | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| सुपथ मूल्य औषधि पसल | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| विशेषज्ञ सेवा सहित घुम्ती स्वस्थ्य शिविर | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | स्वास्थ्य सेवामा पहुँच बढेको हुने |
| स्वास्थ्य सम्बन्धि सचेतनामुलक कार्यक्रम | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| महिनावारीको समयमा हुने छुवाछुत प्रचलनको अन्त्यका लागि कार्यक्रम | पटक | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| थप खोप केन्द्र संचालन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| गाउँघर क्लिनिक संचालन थप | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| आयुर्वेद स्वास्थ्य सेवा संचालन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | नागरिक वैकल्पिक स्वास्थ्य सेवामा सचेत भएका हुने |
| योग ध्यान केन्द्र संचालन | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |

*लुम्बिनी प्रदेशको (आवधिक योजना) सूचनालाई आधार लिइएको

## ५.२. शिक्षा`

### ५.२.१. पृष्ठभूमि

शिक्षा आधुनिक समाज निर्माण, मर्यादित जीवन तथा सम्मानजनक रोजगारीको महत्वपुर्ण आधार हो । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ । संविधानतः शिक्षा सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा दायित्वको रूपमा रहेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन २०७४ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको विकास, संचालन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षालाई समयसापेक्ष, व्यवसायिक, सिपमुलक तथा व्यवहारिक बनाउन गाउँपालिकामा विभिन्न नीति नियम तथा योजना बनाई कार्यान्वयन पनि भईरहेका छन् ।

निस्दी गाउँपालिकामा जम्मा ५१ वटा शैक्षिक संस्थाहरू रहेका छन्। कुल विद्यालयमा १२ माध्यमिक र ३९ आधारभूत तहका विद्यालय छन्। गाउँपालिकका सबै वडामा कम्तिमा एउटा माध्यमिक तहको सामुदायिक विद्यालय रहेको छ। विद्यार्थीहरू उच्च शिक्षाका लागि देशका विभिन्न सहरहरूमा जाने गरेका छन् ।

### ५.२.२. समस्या तथा चुनौती

विद्यालयका भूकम्प प्रतिरोधी भवन, घेराबार, पुस्तकालय, उपयुक्त खेल मैदान, सौचालय, खानेपानी जस्ता पूर्वाधारको व्यवस्थापन नहुनु, सबै विद्यालयमा तहगत तथा विषयगत शिक्षाको व्यवस्था नहुनु, विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर प्रयोगशाला नहुनु, शिक्षकहरूलाई समय सापेक्ष तालिमको कमि, प्राथमिक बाल विकास केन्द्रलाई सुविधा सम्पन्न र बालमैत्री बनाउन नसक्नु, शिक्षण सिकाई क्रियाकलाप बालमैत्री तथा प्रविधि मैत्री हुन नसक्नु, विद्यालयमा दरबन्दी मिलान गर्न नसक्नु, शैक्षिक संस्थाहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन नहुनु, शिक्षक, विद्यार्थी तथा अविभावक बिच अन्तरक्रिया तथा छलफल कम हुनु, प्राविधिक शिक्षा नहुनु, शिक्षालाई गुणस्तरीय तथा व्यवहारिक बनाउनु, वार्षिक रूपमा बढ्दो विद्यार्थी पलायन, विद्यार्थीहरूलाई पढाईमा निरन्तर संलग्न गराउन नसक्नु, विद्यार्थीहरूलाई मनोपरामर्श दिन नसक्नु यस क्षेत्रका समस्या तथा चुनौतीहरू हुन् ।

### ५.२.३. संभावना तथा अवसर

माध्यमिक तह सम्मको शिक्षाको क्षेत्राधिकार स्थानीय तहमानै भएको, प्राविधिक शिक्षा तथा सिपमुलक व्यवसायिक तालिम संचालन गर्न सकिने, विभिन्न प्रकारका छात्रवृत्ति को व्यवस्था भएको, सूचना प्रविधिको माध्यमबाट शिक्षण सिकाईलाई प्रभावकारी बनाउन सकिने, शिक्षामा सबैको पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने, स्थानीय तहलाई स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्न सक्ने अधिकार प्राप्त हुनु, सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, विद्यालय स्तरको प्राविधिक शिक्षा (TSLC) तथा प्राविधिक उच्च शिक्षालाई प्रवर्द्धन गर्दै रोजगारीको अवसर सृजना गर्न सकिने, विभिन्न साझेदार संस्थाहरू शिक्षा क्षेत्रमा कार्यरत रहेकोले शिक्षालाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाउन साझेदारी गर्न सकिने सम्भावना तथा अवसर छन् ।

## ५.२.४. शिक्षा विकास योजना

### ५.२.४.१. लक्ष्य

गुणस्तरीय, प्रविधिमैत्री तथा रोजगारमूलक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी दक्ष जनशक्ति तयार गर्ने।

### ५.२.४.२. उद्देश्य

१. शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास एवं विस्तार गर्नु ।
३. शैक्षिक संस्थाहरूलाई आधारभूत भौतिक पूर्वाधार तथा स्रोत साधन सम्पन्न बनाउनु ।
४. शिक्षा क्षेत्रमा समय सापेक्ष दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।

### ५.२.४.३. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ : शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु । | |
| १.१ शिक्षालाई गुणस्तरीय तथा प्रतिष्पर्धी बनाउन आवश्यक कानुनको तर्जुमा गरि लागु गर्ने । | १.१.१ शिक्षा सम्बन्धि आवश्यक कानुन तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।<br>१.१.२ गाउँपालिकाको सैक्षिक सुधारका लागि गाँउ शिक्षा योजना र विसुयोको पूर्ण कायान्र्वयन गरिनेछ । |
| १.२ विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने । | १.२.१ सबै बालबालिकालाई बालमैत्री प्रारम्भिक बाल विकास शिक्षा अनिवार्य गरिनेछ ।<br>१.२.२ विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकालाई अध्ययन निरन्तरतालाई प्रोत्साहन गर्न कार्यक्रम संचालन गरिनेछ ।<br>१.२.३ विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाको शिक्षाको सुनिश्चितता गरिनेछ ।<br>१.२.४ गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । |
| १.३ शिक्षामा गुणस्तर वृद्धि गरि सबैको पहुँच सुनिश्चित गर्ने । | १.३.१ नमुना विद्यालयको विकास व्यवस्थापन तथा संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३.२ सबै विद्यालयको शैक्षिक गुणस्तरमा समानता ल्याउन वैज्ञानिक परीक्षा प्रणाली लागु गर्न सबै विद्यालयलाई एकै प्रश्न पत्र प्रयोग गरिनेछ ।<br>१.३.३ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी एवं विद्यालयलाई पुरस्कृत गरिनेछ ।<br>१.३.३ कक्षागत रूपमा शिक्षक, अभिभावक तथा विद्यार्थी बिच नियमित अन्तरक्रिया कार्यक्रम गरिनेछ । |
| १.४ स्थानीय भाषा तथा वस्तुस्थितिलाई औपचारिक शिक्षाको माध्यमबाट संरक्षण तथा प्रवर्द्धन गर्ने । | १.४.१ अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाईको अभिन्न अंगको रूपमा विकास गरिनेछ ।<br>१.४.२ स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गरि प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>१.४.३ आधारभूत तहमा स्थानीय भाषालाई समावेश गरिनेछ । |
| १.५ आजीवन सिकाईको अवसर विस्तार गर्ने । | १.५.१ विभिन्न कारणले विद्यालय जान नपाएका बालबालिका तथा प्रौढ व्यक्तिहरूका लागि अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ : प्राविधिक एवं व्यवसायिक शिक्षा संचालन गर्नु । | |
| २.१. गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक धारको शिक्षा संचालन गर्ने । | २.१.१ स्थानीय आवश्यकता र सम्भावनाका आधारमा एक बहुप्राविधिक शिक्षालय स्थापना तथा संचालन गरिनेछ । |
| उद्देश्य ३ : शैक्षिक संस्थाहरूलाई भौतिक पूर्वाधार तथा स्रोत साधन सम्पन्न बनाउनु । | |
| ३.१ शैक्षिक संस्थामा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने । | ३.१.१. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री संरचना निर्माण गरिनेछ ।<br>३.१.२ विद्यालय टाढा भई आफ्नो पढाई पुरा गर्न नसक्ने विद्यार्थीका लागि छात्रावास निर्माण तथा संचालन गरिनेछ ।<br>३.१.३ उच्च शिक्षाका लागि क्याम्पस संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.१.४ विद्यालय खानेपानी तथा सरसफाईका पूर्वाधारको व्यवस्था गरिनेछ ।<br>३.१.५ माध्यामिक तहमा पुस्तकालय तथा आधारभूत तहमा बुक कर्नरको अनिवार्य व्यवस्था गरिनेछ ।<br>३.१.६ विद्यालयमा विज्ञान तथा कम्प्युटर ल्याब स्थापना गरिनेछ । |
| ३.२ शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग गर्ने । | ३.२.१. शिक्षण सिकईमा सूचना प्रविधिको प्रयोग बढाईनेछ ।<br>३.२.२ सबै विद्यालय व्यवस्थापनमा सूचना प्रणाली प्रयोग अनिवार्य गरिनेछ । |
| उद्देश्य ४ : सबै विद्यालयमा जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गर्नु । | |
| ४.१. शैक्षिक संस्थामा आवश्यक मानव संसाधनको व्यवस्था गर्ने । | ४.१.१. विद्यार्थी अनुपातका आधारमा शिक्षकको व्यवस्थापन गरिनेछ ।<br>४.१.२. स्नातक सम्म अध्ययन गरेका स्थानीय विद्यार्थीहरूको परिचालन गरि स्वयम सेवक शिक्षक कार्यक्रमलाई संचालन गरिनेछ ।<br>४.२.३ काममा उत्प्रेरित गर्न सबै तहका शिक्षक तथा कर्मचारीलाई सङ्घीय सरकारको नीति अनुरूप समान पारिश्रमिक सुनिश्चित गरिनेछ। |
| ४.२. शिक्षकको पेशागत क्षमतामा सुदृढ गरिनेछ । | ४.२.१. सबै तहका शिक्षकलाई आधुनिक शिक्षण सिकाई सम्बन्धि अनुभव हासिल गर्ने वातावरण प्रदान गरिनेछ।<br>४.२.२ तालिम पछि अनुगमन तथा मुल्यांकन प्रणालीको विकास गरि लागु गरिनेछ ।<br>४.२.३ शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको नातिजासँग आवद्ध गरिनेछ ।<br>४.२.४ गाउँपालिकालाई दुई क्लस्टरमा विभाजन गरि दुई स्थानमा शैक्षिक स्रोत केन्द्र स्थापना तथा संचालन गरिनेछ । |

### ५.२.४.४. योजना तथा कार्यक्रम

| क.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | | | १८४१६ | १३९६६ | १४६४१ | १३८४१ | १४२४१ | ७५१०७ | गा.पा. | | गा.पा. |
| २ | आधारभूत शिक्षा | | | १४०३२० | १४३४४० | १४४३८५ | १४१९४० | १४०८६९ | ७०६३०६ | गा.पा. | | गा.पा. |
| ३ | माध्यमिक शिक्षा | | | १३७५२ | २२७९२ | २३४९२ | २५०६७ | ८५९२ | ९०३६७ | गा.पा. | | गा.पा. |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | | | ३२४ | २८४६ | २७७४ | २५७४ | ३०७४ | ११५९२ | गा.पा. | | गा.पा. |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन | | | २४४९० | २५८९० | २०१९० | २०३४० | २०३४० | ११०२०० | गा.पा. | | गा.पा. |
| ६ | शिक्षक व्यवस्थापन र विकास | | | ११०१ | १४८५ | १४०५ | ११२७ | १२२१ | ६३३९ | गा.पा. | | गा.पा. |
| ७ | अनौपचारिक तथा जीवन पर्यन्त सिकाइ | | | ११८५ | १२२५ | १३५० | १२५० | ११०० | ५३१० | गा.पा. | | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| ८ | शैक्षिक समता र समावेशीकरण | | | १५० | ५४४ | ८३७ | ९८९ | ७६२ | ३४९६ | गा.पा. | | गा.पा. |
| ९ | विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम | | | ६८८२ | ६२७७७ | ६४३१७ | ६६८१७ | ६४३१७ | २६५१२२ | गा.पा. | | गा.पा. |
| १० | आपत्कालीन अवस्थामा शिक्षा | | | ० | १२२८ | १०२२ | ११२८ | १०२२ | २५७८ | गा.पा. | | गा.पा. |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | | ७१९५० | २८६७९ | ३०६७९ | २४००७ | १४००७ | १६९३२२ | गा.पा. | | गा.पा. |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | | | ० | ७९८४ | ७६८४ | १४६८४ | १२५८४ | ४२९३६ | गा.पा. | | गा.पा. |
| १३ | सुशासन तथा व्यवस्थापन | | | ८२८ | ८८५ | ७८५ | ७८५ | ७८५ | ३१५६ | गा.पा. | | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १४ | अनौपचारिक तथा जीवन पर्यन्त सिकाइ | | | ११८५ | १२२५ | १३५० | १२५० | ११०० | ५३१० | गा.पा. | | गा.पा. |
| | **जम्मा बजेट** | | | **२७९५३८** | **३१३९६०** | **३१३७००** | **३१४६८८** | **२८३१३३** | **१४९२६९०** | | | |

( शिक्षाको कार्ययोजना तथा कार्यक्रमहरू निस्दी शिक्षा योजनाबाट सांभार गरिएको र बजेट श्रोतको विस्तृत विवरण निस्दी शिक्षा योजनाबाट प्राप्त गर्न सकिन्छ ।)

### ५.२.४.५. सूचक तथा नतिजा खाका

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| साक्षरता दरमा वृद्धि | प्रतिशत | ७८.५३% (२०७८ जनगणना) | | | | | | पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| असर | | | | | | | | | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| माध्यामकि तह (९—१२) को खूद भर्नादर | प्रतिशत | ७५% (Flash Report 080/081) | | | | | | पार्श्वचित्र | अभिभावक तथा विद्यार्थी शिक्षा प्रति सचेत भएको हुने |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | | | | | | | पार्श्वचित्र | |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | | | | | | | पार्श्वचित्र | |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | | | | | | | पार्श्वचित्र | |
| बाल विकास कक्षा पुरा गर्ने बालबालिका | प्रतिशत | | | | | | | पार्श्वचित्र | |
| आधारभूत तह(१-८ कक्षा)सम्मको शिक्षा पुरा गर्ने | प्रतिशत | | | | | | | पार्श्वचित्र | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| माध्यमिक तह (९-१२ कक्षा) सम्मको शिक्षा पुरा गर्ने | प्रतिशत | | | | | | | पार्श्वचित्र | |
| माध्यमिक तह (९-१२ कक्षा) मा प्राविधिक धारको शिक्षा प्राप्त गर्नेको विद्यार्थी | प्रतिशत | | | | | | | पार्श्वचित्र | |
| विद्यालय बाहिर रहेका ५ - १५ वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| प्रतिफल | | | | | | | | | |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | सङ्घ, प्रदेश तथा स्थानी तहबाट पर्याप्त बजेट |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| घेरावार, फर्निचर) उपलब्ध विद्यालय | | | | | | | | | प्राप्त भएको हुने |
| वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| आइसिटि सेवा उपलव्ध भएको विद्यालय | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| छात्रावास सहित नमुना विद्यालय | संख्या | | | | | | | वार्षिक प्रतिवेदन | |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| विषयगत तालिम प्राप्त शिक्षकहरू | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| विद्यालय नर्स सेवा उपलव्ध भएको विद्यालय | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |
| सिटिइभिटिवाट सम्बन्धन संचालित प्राविधिक विद्यालय | संख्या | | | | | | | वार्षिक प्रतिवेदन पार्श्वचित्र | |

## ५.३. खानेपानी तथा सरसफाई

### ५.३.१. पृष्ठभूमि

निस्दी गाउँपालिकामा विभिन्न स्रोतबाट खानेपानीको आपूर्ति भईरहेको छ। पालिकामा खानेपानीका लागि सबै भन्दा धेरै ४८.७९% घर परिसर भित्रको धाराबाट खानेपानी आपूर्ति भईरहेको छ। त्यसैगरी ४४.७१% आफ्नो घर कम्पाउण्ड बाहिरको धारा वा सार्वजनिक धाराको प्रयोग गर्छन । साथै मुलको प्रयोग गर्ने २.९१%, खुला इनार/कुवा प्रयोग गर्ने १.५४% र ढाकिएको इनार प्रयोग गर्ने परिवार १.२२ % रहेका छन् । पालिकामा ०.२२% परिवारले अझै खानेपानीका लागि खोला/खोल्सीबाट ल्याउने गरेको देखिएको छ (राष्ट्रिय जनगणना, २०७८)। यस अनुसार पालिकाको कुल परिवार मध्ये ९३.५% मा खानेपानीको लागि पाइप/धाराको पहुँच रहेको छ ।

निस्दी गाउँपालिकामा सौचालयको प्रयोग हेर्दा फ्लस भएको सौचालय प्रयोग गर्ने परिवार २,८४०, (६८.१९%), फ्लस भएको (सावर्जनिक ढल) शौचालय प्रयोग गर्ने परिवार ३३८ (८.१२%), साधारण शौचालय प्रयोग गर्ने ९३९ (२२.५५%) र सावर्जनिक शौचालय प्रयोग गर्ने परिवार सङ्ख्या १६ (०.३८%) रहेका छन्। पालिकामा हालसम्म पनि चर्पी नभएको परिवार सङ्ख्या ३२ (०.७७%) छन् (राष्ट्रिय जनगणना, २०७८)।

### ५.३.२. समस्या तथा चुनौती

खानेपानी मुहानमा पानी शुद्धीकरण नहुने, ट्यांकी मर्मत सम्भारमा ध्यान नदिएको, खानेपानी मुहानको सरसफाई तथा संरक्षणको कमि, खानेपानी वितरण पूर्वाधार कमजोर तथा अपर्याप्त रहेका, खानेपानीको व्यवस्थापनका लागि कुनै जिम्मेवार निकाय/ समिति नरहेको, सरसफाई सम्बन्धि चेतनाको कमि, खनेपानी आपूर्तिलाई नियमित र भरपर्दो बनाउन नसकिनु जस्ता समस्या तथा चुनौती रहेका छन् ।

### ५.३.३. संभावना तथा अवसर

खानेपानीको व्यवस्थापनका लागि प्रशस्त मूल रहेका, सङ्घ, प्रदेश तथा विकास साझेदारको सहयोग रहेको, सबै खानेपानी स्रोतमा सुद्धिकरणको व्यवस्था गरि सुद्ध खानेपनिवितरण गर्न सकिने, खानेपानीको पानीको सदुपयोग तथा व्यवस्थापन गर्न मिटर जडान गर्न सकिने, खानेपानी सम्बन्धि संचालन तथा व्यवस्थापन हेर्ने संस्थागत संरचना बनाई कार्यान्वयन गर्न सकिने सम्भावना तथा अवसर छन् ।

### ५.३.४. खानेपानी तथा सरसफाई योजना

#### ५.३.४.१. लक्ष्य

गाउँपालिकामा आधारभूत स्तरको खानेपानी तथा सरसफाईको पहुँच सुनिश्चित भएको हुने ।

#### ५.३.४.२. उद्देश्य

१ गाउँपालिकामा स्वच्छ खानेपानीको आपूर्ति सुनिश्चित गर्नु ।

२ स्वच्छ तथा सफा गाउँपालिका कायम गर्नु ।

### ५.३.४.३. रणनीति तथा कार्यनीति

| रणनिति | कार्यनीति |
|---|---|
| उद्देश्य १ : गाउँपालिकामा स्वच्छ खानेपानीको आपूर्ति सुनिश्चित गर्नु । | |
| १.१ स्वच्छ र सफा खानेपानीलाई सर्वसुलभ गर्ने । | १.१.१ एक घर एक धाराको नीति अनुरूप स्वच्छ र सफा खानेपानी आपूर्ति गरिनेछ ।<br>१.१.२ खानेपानी आयोजना संचालन तथा मर्मत सम्भार गरिनेछ ।<br>१.१.३ खानेपानी आपूर्तिका लागि संस्थागत सुधार गरिनेछ ।<br>१.१.४ खानेपानीको स्वच्छता कायम गर्न खानेपानी योजना संचालन गर्दा सुद्धिकरणको व्यवस्था अनिवार्य गर्ने साथै पुराना योजना/स्रोतमा क्रमश सुद्धिकरणको व्यवस्था गरिनेछ ।<br>१.१.५ खानेपानी योजना संचालन तथा व्यवस्थापनका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गरिनेछ । |
| १.२ खानेपानीको मुहान संरक्षण गर्ने । | १.२.१ पानीका मुहानहरू पहिचान तथा संरक्षण गरिनेछ ।<br>१.२.२खानेपानीको मुहान संरक्षण तथा सुरक्षित खानेपानीको लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ । |
| उद्देश्य २: स्वच्छ तथा सफा गाउँपालिका कायम गर्नु । | |
| २.१ पूर्ण सरसफाई नगर अभियान संचालन गर्ने । | २.१.१ पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।<br>२.१.२ प्रत्येक घरमा सौचालय निर्माण गर्न अभियान संचालन गरिनेछ<br>१.२.३ प्रमुख वस्ती, बजार तथा सार्वजनिक स्थलमा सौचालय निर्माण गरिनेछ । |

## ५.३.४.४. योजना तथा कार्यक्रम

| क.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १ | एक घर एक धारा कार्यक्रम संचालन | संख्या | १०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | संघ, प्रदेश, गा.पा. समुदाय | गा.पा., समुदाय | गा.पा. |
| २ | पुराना खानेपानी आयोजना मर्मत सम्भार तथा स्तरोन्नति | एकमुष्ठ | | १००० | १००० | १००० | १००० | १००० | ५००० | संघ, प्रदेश, गा.पा. समुदाय | गा.पा., समुदाय | गा.पा. |
| ३ | खानेपानी उपभोक्ता समुहको क्षमता विकास गर्ने | एकमुष्ठ | | ८० | ८० | ८० | ८० | ८० | ४०० | गा.पा. | गा.पा. | गा.पा. |
| ४ | पुरै गाउँपालिकाको खानेपानी सम्बन्धि व्यवस्थापन हेर्न गाउँपालिका | संख्या | १ | २० | २० | २० | २० | २० | १०० | गा.पा. | गा.पा., उपभोक्ता समिति | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | अन्तर्गत संस्था गठन गर्ने | | | | | | | | | | | |
| ५ | गाईवस्तुलाई पानी खुवाउन विभिन्न स्थानमा व्यवस्थित कुवा/पोखरी निर्माण | स्थान | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | गा.पा. | स्थानीय उपभोक्ता | गा.पा. |
| ६ | खानेपानी योजना संचालन तथा व्यवस्थापनका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य | निरन्तर | | १०० | १०० | १०० | १०० | १०० | ५०० | गा.पा. | गा.पा. | गा.पा. |
| ७ | मूल, कुवा, ढुंगेधारा लगायत पानीका स्रोत संरक्षण गर्न | पटक | १ | ७०० | | | | | ७०० | गा.पा. | गा.पा. | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | स्रोतको पहिचान तथा नक्शांकन गर्ने | | | | | | | | | | | |
| ८ | खानेपानीको मूल संरक्षणका लागि मुहान वरपर वृक्षारोपण तथा मुल नजिकको वन क्षेत्र कटानबाट रोक्नु | स्थान | १४ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | गा.पा. | गा.पा. | गा.पा. |
| ९ | खानेपानी मूलको वरपर धेराबारा (फेन्सिङ) लगाएर मानिस र जनावरको अवरोध रोक्नु | स्थान | | २००० | | | | | २०००० | | | |
| १० | खानेपानीको मुहान संरक्षण, तथा सुरक्षित खानेपानी उपभोग | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा.पा. गैसस | गा.पा.गैसस | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| | सम्बन्धि चेतनामुलक कार्यक्रम | | | | | | | | | | | |
| ११ | पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा कार्यक्रम | एकमुष्ठ | | ८०० | ९०० | १००० | २५० | ३०० | ३२५० | संघ, प्रदेश, गा.पा. समुदाय | संघ, प्रदेश, गा.पा. समुदाय | गा.पा. |
| १२ | ल्याण्डफिल साइट निर्माणको लागि अध्ययन तथा कार्य विस्तार | संख्या | १ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | संघ, प्रदेश, गा.पा., गैसस | गा.पा, गैसस, समुदाय | गा.पा. |
| १३ | सार्वजनिक सौचालय निर्माण | संख्या | ५ | २०० | २०० | २५० | २५० | २५० | ११५० | संघ, प्रदेश | गा.पा. | गा.पा. |
| १४ | व्यक्तिगत सरसफाई सम्बन्धि चेतनामुलक कर्यक्रम संचालन गर्ने | एकमुष्ठ | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | गा.पा., गैसस | गैसस | गा.पा. |

| क्र.सं | योजना तथा कार्यक्रम | ईकाई | लक्ष्य | बजेट रु हजारमा | | | | | कुल लागत रु. हजारमा | बजेट स्रोत | जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | कार्यान्वयन गर्ने | अनुगमन गर्ने |
| १५ | टोल, बस्ती सरसफाई अभियान संचालन | पटक | १० | ५० | ५० | ७५ | १०० | १०० | ३७५ | गा.पा., गैसस | गा.पा. | गा.पा. |
| | **जम्मा बजेट** | | | **८१५०** | **५५५०** | **५७२५** | **५०००** | **५०५०** | **४७४७५** | | | |

## ५.३.४.५. सूचक तथा नतिजा खाका

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | | | | | | | | | |
| सुरक्षित एवं उपचार गरिएको खानेपानी सुविधामा पहुँच भएको जनसंख्या | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | उपलब्ध पानीको स्रोतको उच्चतम उपयोग भयेको हुने तथा सचेत उपभोक्ता |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| असर | | | | | | | | | |
| सुद्धिकरण गरिएको खानेपानी सुविधामा पहुँच भएको जनसंख्या(घर कम्पाउण्ड र कम्पाउण्ड बाहिर ) | प्रतिशत | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | उपलब्ध पानीको स्रोतको उच्चतम उपयोग भयेको हुने, तथा सचेत उपभोक्ता |
| प्रतिफल | | | | | | | | | |
| सौचालय नभएको परिवार | प्रतिशत | ०.७७ | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | समुदाय सचेत भएको हुने |
| वृहत खानेपानी आयोजना | संख्या | ८ (८०/८० भन्दा माथि घरलाई सेवा पुराएको) | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | पर्याप्त बजेटको व्यवस्था हुने |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| खानेपानी योजना / स्रोत मर्मत सम्भार | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| सार्वजनिक सौचालय निर्माण | संख्या | ८ | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| फोहोर व्यवस्थापन स्थल | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |
| खानेपानी तथा सरसफाई हेर्ने गाउँपालिका स्तरीय संस्था स्थापना | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | खानेपानी सम्बन्धि जिम्मेवार गा.पा |
| संरक्षणका लागि वरिपरी वृक्षारोपण गरिएका खानेपानी मुहान | संख्या | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |

| सुचकहरू | ईकाई | आधार वर्ष | लक्ष्य | | | | | सुचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| खानेपानी तथा सरसफाई सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन | पटक | | | | | | | वार्षिक प्रतिवेदन, पार्श्वचित्र | |

## ५.४. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ५.४.१.पृष्ठभूमि

सामाजिक विकासका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकार अन्र्तगतको महत्वपूर्ण पक्ष हो । संविधानको प्रस्तावना नै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तमा आधारित छ । समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र हिंसा तथा सबै प्रकारका जातीय छुवाछुत एवम् विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्ने संकल्प गरिएको छ ।

गाउँपालिकाको कुल जनसङ्ख्यामा महिलाको सङ्ख्या ५३.९४% (८,३४५) रहेको छ। पालिकाको लैंगिक अनुपात ८५.३७ (पुरूष प्रति १०० महिला) छ। पालिकामा महिला साक्षरता दर ७२.३८% रहेको छ। कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय उमेर समुहका (१५ - ५९ वर्ष) महिला ५५.९२% छ भने कुल महिलामा आर्थिक रूपले सक्रिय महिलाको सङ्ख्या ६३.४१% रहेको छ।

महिलाको सम्पतिमा स्वामित्व हेर्ने हो भने, पालिकामा घरमा मात्र महिलाको स्वामित्व भएको घरपरिवार ०.७९%, जग्गामा मात्र महिलाको स्वमित्व भएको घरपरिवार ४.६१%, जग्गा र घरमा महिलाको स्वामित्व भएको घरपरिवार ४.५९% रहेका छन्। त्यसैगरी, यस पालिकामा कुल घरपरिवार मध्ये ४०.८२% घरमुली महिला रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)।

विकासको लक्ष्यमा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, हरित सार्वजनिक स्थलमा पहुँच, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसा अन्त्य, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापन जस्ता विषयलाई सम्बोधन गर्नुपर्ने आवश्यक्ता रहेको छ ।

### ५.४.२. समस्या तथा चुनौती

महिला, बालबालिका, तथा लक्षित वर्गको सामाजिक, आर्थिक, राजनितिक, शैक्षिक एवम् वैयक्तिक अवस्था कमजोर रहनु, महिला तथा वञ्चितीकरणमा परेका समूहको सहभागिता प्रायः औपचारिक प्रतिनिधित्वमा मात्र सीमित रहनु, महिला हिंसा, छुवाछुत, वाल विवाह जस्ता कुरीति कायमै रहनु, महिला र पुरुष बीच असमान ज्याला, जातीय र वर्गीय विभेद लैङ्गिक हिंसा तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सृजना गर्नु, अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन् ।

### ५.४.३.संभावना तथा अवसर

लैङ्गिक संवेदनशीलता, सामाजिक न्याय र समावेशीकरण सम्बन्धि सुस्पष्ट संवैधानिक व्यवस्था हुनु, सङ्घीय तथा प्रादेशिक कानुनले लैंगिक समानता, तथा सामाजिक समावेशिकरणलाई प्राथमिकतामा राखेको सबै सार्वजनिक पूर्वाधार बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता मैत्री बनाउनु, लैंगिक विभेदको अन्त्य गर्दै लैङ्गिक समानता र

सामाजिक समावेशीकरण, विभिन्न गैर सरकारी संस्था तथा दातृ निकायहरू यस विषयमा सक्रिय रूपमा कार्य गरिरहनु, महिलाहरू राजनीतिक तथा सामाजिक १रूपमा सचेत हुँदै जानु यस गाउँपालिकाको संभावना तथा अवसरको रूपमा रहेको छ।

### ५.४.४. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण योजना

#### ५.४.४.१. लक्ष्य

जातीय तथा लैंगिक विभेदको अन्त्य गर्दै समतामुलक तथा न्यायपूर्ण समाजको सिर्जना गर्ने ।

#### ५.४.४.२. उद्देश्य

१ महिलाको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्नु ,
२ बालबालिका तथा किशोरकिशोरीको हकहितको संरक्षण गर्नु ,
३ ज्येष्ठ नागरिकको सम्मानित, सुरक्षित जीवनको प्रत्याभूति गर्नु ,
४ अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्नु ,
५ लक्षित वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक विकासमा पहुँच सुनिश्चित गर्नु ,

